Jana Aakash National Weekly
www.janaakash.com
# जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष- १६, अंक- १७, २०८० साल मंसिर १९ गते मंगलबार (Dec 5, 2023) www.janaakash.com.np

**जन आकाश मिडिया प्रा.लि. बाट प्रशारित**

**www.janaakash.com.np**

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइ हरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेनसी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकास युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नाम हरु जोडेर जन आकाशको बाषिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्था हरुले सम्पर्क राख्न अनुरोध गरीन्छ ।

**सम्पर्क : ४१६७५७८ (बागबजार)**
**मोबाइलः ९८५१०८७१५६**

**Email : janaakash.com.np@gmail.com**

## उखु किसानले ३२ करोड अनुदान पाउन बाँकी

कञ्चनपुरका उखु किसान सरकारी अनुदानबाट वञ्चित छन् । उनीहरुले गत वर्षको अनुदान पाउन सकेका छैनन् । सरकारले किसानले उत्पादन गरेको उखु नेपाली चिनी उद्योगलाई बिक्री गर्ने किसानलाई अनुदान दिँदै आएको छ ।



सरकारले चिनी उद्योग सञ्चालित जिल्लाका कोष तथा लेखा नियन्त्रकको कार्यालयलाई प्रत्येक वर्ष अनुदानबापतको रकम उपलब्ध गराउने व्यवस्था छ । तर कञ्चनपुरका उखु किसानले भने गत वर्षको अनुदान पाउन सकेनन् । उखु उत्पादक किसान हकहित संरक्षण समितिका कोषाध्यक्ष चेतनकुमार राईले कञ्चनपुरका उखु किसानले रु ३२ करोड अनुदान रकम पाउन बाँकी रहेको बताए ।

सरकारले २०७५ सालमा कार्यविधि नै बनाएर उखु उत्पादक किसानलाई अनुदानको व्यवस्था गरेको थियो । सुरुमा प्रतिक्विन्टल ६५ रुपैयाँ २८ पैसाका दरले अनुदान दिने गरेकामा गत आर्थिक वर्षमा बढाएर प्रतिक्विन्टल रु ७० पुर्याइएको थियो । कञ्चनपुरको पुनर्वासस्थित भागेश्वर सुगर मिल र बेलौरीस्थित महाकाली सुगर मिल अहिले सञ्चालनमा छन । गत आवमा उक्त दुई उद्योगले नेपाली किसानको २६ लाख ६६ हजार ४८ क्विन्टल उखु क्रसिङ गरेका थिए । त्यसको अनुदानबापत उनीहरूलाई रु ३२ करोड भुक्तानी गरिसक्नुपर्नेमा सरकारले भने बजेट अभावको कारण देखाउँदै आइरहेको गुनासो उखु उत्पादक किसानको छ ।

उखु उत्पादक किसान हकहित संरक्षण समितिका अध्यक्ष हरिचन्द ठकुरीले सरकारले गत आव उखुको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल रु छ सय १० निर्धारण गरेको बताए ।

## नेपालको आर्थिक संकटको विकल्प कस्ले दिन सन्छ ?

**मोहन कार्की**

**काठमाडौं–** नेपालमा यतिवेला आर्थिक संकट बढ्दै गएको बिज्ञहरुले बताउने गरेकाछन् । व्यापार, व्यवसाय धारासायी हुदै गएको व्यापारीहरुले बताउने गरेका छन् । शहरमा बस्ने मानिसहरु छटपट्टीमा देखिन्छन् । शहरका महगा भाडामा लाग्ने सटर, फलाइटहरु टुलेट अर्थात भाडाको लागि खाली छ भनेर जतातते लेखिएको देखिन्छ । तर महगी भने घटेको छैन ।




यता सरकार भने प्रगति मात्रै भएको भाषण गर्छ। जनता छटपटाएको सरकारलाई थाहा नै छैन । सरकारको आम्दानी हुने कार्यलय आन्तारिक राजश्व, अर्न्तगतका शाखाहरुमा पुष लाग्न लाग्दा समेत व्यवसाय गर्ने व्यावसायीहरु त्यति सक्रियता देखिदैन। हुनत नेपालमा सवै ट्रेडिङका व्यवसाय हुन् । आयात गर्ने राष्ट्रसँग मनग्य पैशा भएपो किन्ने हो तर यतिवेला अतिआवश्यक वस्तु वाहेक आयात गर्ने कम्पनीहरुले पनि आयात नगर्दा राजश्वमा पनि कमी आएको छ । निर्यात त नेपालको नगन्य रुपमा मात्र छ ।

सरकारी कार्यलयमा समेत वजेट समयमा पुगेको छैन । नीजि कार्यलयहरुमा व्यापार, व्यासायहरु धारासायी बन्दै गएकाछन् । तर पछिल्लो समय टुरिज्म क्षेत्रमा भने प्रगति भएको छ । टुरिज्ममा प्रगति हुदा विस्तारै होटल व्यवसायहरुमा सुधार हुने देखिन्छ । आसा गर्नुपर्ने ठाउँहरु कम भएको कारण नेपालको आर्थिक व्यवास्थापनको लागि नेपालमा चुलिएको आर्थिक संकट र संन्त्रास दुवैलाई पार दिन सक्ने बैकल्पिक विज्ञहरुको टडकारो आवश्यकता भईसकेको छ ।

बजारमा आर्थिक संकुचन भएको छ । त्यो भन्दा बढी संन्त्रास छ । त्यो निरासा बन्दै गएको मनोवललाई उठाउन सक्रिय योजना जसले एउटै कामले मनोवललाई उच्च बनाउन सकोस् । त्यस्ता बैकल्पिक विज्ञहरुलाई आवह्न गरेर देशको अर्थतन्त्रमा आएको समस्याको हल समयमा नै नगर्ने हो भने नेपालको अवस्था सोचेभन्दा बिकराल हुनसक्ने अनुमानहरु समेत हुन थालेकाछन् ।

त्यसकारण वर्तमान आर्थिक क्षेत्रका नेतृत्व, सरचना, योजनामा नै फेरबदल गर्नुपर्ने देखिन्छ ।

अहिलेकै आर्थिक क्षेत्रका नेतृत्वहरुवाट यो समस्याको हल हुने देखिदैन । किनकी विगतमा पनि यिनै नेतृत्वहरुले नेपालको आर्थिक क्षेत्रको नेतृत्व गरिसकेकाछन् । त्यतिवेला पनि कुनै प्रगति गर्न सकेको देखिदैन । त्यसकारण आजको आवश्यकतालाई परिपुर्ति गर्न सक्ने क्षमता भएको राष्ट्रिय-अन्तराष्ट्रिय विज्ञता हाशिल गरेको, कुटनैतिक ढंगले समेत अनुभव भएको व्यक्तिलाई नेपालको आर्थिक क्षेत्रको नेतृत्व गर्न दिनुपर्छ। त्यो व्यक्तिले कुनै पार्टी, वाद, तन्त्रभन्दा माथि उठेर नेपालको आर्थिक उन्नतिमा गर्नुपर्ने काम गर्न सकोस् ।

आर्थिक प्रगति गर्नका लागि नेपालका कानुन, ऐन, नियम लगायत बाधाहरु कतिपय ठाउमाछन् । त्यस्ता नीतिगत रुपमा समेत तत्कालको तत्कालै समस्या हल गरेर परिणाम दिनसक्ने क्षमता भएको नेतृत्व देशलाई खाचो भएको छ । देश विकास गर्न एउटै तर सम्पादन उत्कृष्ट गरेर निभ्न लागेको दियोलाई तेल थपेर सधै कहिल्यै तेल नसकिने र दियो बलिरहने अर्को धेरै दियो बाल्ने क्षमता अभिबृद्धि गर्ने काम गर्न सक्ने बैकल्पिक नेतृत्व समयमा नै चयन नगर्ने हो भने देशको आर्थिक अवस्था दयनीय हुनेछ भने अर्कोतर्फ जनताको जीवनस्तर कष्टपुर्ण हुदै जानेछ । त्यसैले बैकल्पिक नेतृत्व नियुक्त गर्नु नै आजको केही मात्रमा निकास दिन सक्ने देखिन्छ ।

## मंसिर २७ देखि काठमाडौं महानगरभित्र सूर्तीजन्य वस्तु बिक्री र प्रयोगमा पूर्ण निषेध



**काठमाडौं–** काठमाडौं महानगरपालिकाले मंसिर २७ गतेदेखि आफ्नो भौगोलिक क्षेत्रभित्र प्लाष्टिकमा प्याक गरिएका सूर्तिजन्य पदार्थको बिक्री, भण्डारण तथा प्रयोगलाई पूर्ण निषेध गर्ने भएको छ । मंसिर १३ गते मंगलबार स्वास्थ्य विभागले १५ दिनको अवधि दिएर जारी गरेको सार्वजनिक सूचनामा यससम्बन्धी जानकारी दिएको छ ।

सूचनामा सेवनका निमित्त बनाइएका वा उत्पादन गरिएका (चुरोट, विँडी, सिंगार, तमाखु, सुल्फा, कक्कड, प्लाष्टिकमा प्याक गरिएका कच्चा सूर्ती, खैनी, गुट्खा, पानपराग वा यस्तै प्रकृतिका मुखमा राखेर रस लिने) सूर्तीजन्य पदार्थको भण्डारण, विक्री र प्रयोगमा रोक लगाउने उल्लेख गर्दै कसैले विक्री गरेको देखे नगर प्रहरीले सामान जफत गर्नेछ, भनिएको छ ।

## संरक्षण अभावमा जीर्ण बन्दै गर्भा दरबार


**कैलाली–** चुरे गाउँपालिका-४ खैरालामा रहेको गर्भा दरबार संरक्षण अभावमा जीर्ण बन्दै गएको छ । विसं १९८४ मा खड्कशमशेर जङ्गबहादुर राणाले निर्माण गरेको ऐतिहासिक राणाकालीन दरबारको संरक्षण अभावमा जीर्ण बन्दै गएको हो ।



सरोकारवाला निकायको बेवास्ताका कारण ऐतिहासिक महत्व र पर्यटकीय सम्भावना बोकेको राणाकालीन ऐतिहासिक दरबार खण्डहरमा परिणत हुँदै गएकोमा स्थानीयले चिन्ता प्रकट गरेकाछन् । स्थानीय कृष्णबहादुर मल्लले दरबार संरक्षणमा कसैबाट पहल भएको देखिँदैन । स्थानीयबाट दरबारको संरक्षणमा ध्यान दिन सरोकारवाला निकायसँग आग्रह गर्दै आए पनि सुनुवाइ नभएको उनको भनाइ छ ।

दरबार जीर्ण हुँदै जाँदा भवनमा पानी चुहिएर पर्खाल भत्किसकेको छ । दरबारका कलाकृति जडित भित्ता २०५५ सालदेखि भत्किन सुरू भएको उनको भनाइ छ । राणाकालमा निकै चहलपहल हुँदै आएको गर्भा दरबारमा त्यो चहलपहल २०३२ सालसम्म मात्रै रह्यो । हावापानी, मौसम र भौगोलिकरूपमा उपयुक्त भएकाले राणाहरुले गर्भालाई रोजेको हुनसक्ने बुझाइ स्थानीयको छ ।

मास पिसेर त्यसबाट चुना लगाई निर्माण गरिएको गर्भा दरबारमा ८३ झ्याल र ५३ ढोका छन् । १० रोपनी क्षेत्रफलमा फैलिएको सो दरबार तीन खण्ड र तीन तले छ । दरबारभित्र सुरुङसमेत बनाइएको छ । सुरुङ अहिले पुरिएको छ । राणाहरु खैरालाको दरबारबाट डोटी बर्छेनको च्यूरी, मान्नाकापडीको भट्टेबाटा, गड्सेराको उदैनी, तेलेको जल्फुमा बास » बाकी ६ पृष्ठमा



जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- १७, २०८० साल मंसिर १९ गते मंगलबार (Dec 5, 2023)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय - - - - -

### विश्व शान्ति धाम निर्माणमा सवैले साथ दिऔ ।

नेपाल देश विकासको लागि सम्भावना नै सम्भावन भएको देश हो, नेपाल प्राकृतिक, धार्मिक, पौराणिक सवै क्षेत्रमा उत्तिक्कै धनि छ । तर ति महत्वका बिषयहलाई चिन्न नसक्दा,सदुपयोग गर्न नजान्दा यस्ता महत्वपूर्ण प्राकृतिक, धार्मिक, पौराणिक, सास्कृतिक लगायत क्षेत्रहरुमा सोचे जस्तो आम्दानी, प्रगति गर्न सकेका छैनौ । तै पनि नेपालीहरु विश्वका मानव जातिहरु मध्य मानवताको. पक्षमा काम गर्नेमा पर्दछन् । चाहे त्यो जय पृथ्वि बहादुर हुन् वा बौद्ध दर्शन उत्पतिकार सिद्धार्थ गौतम वा त्यतिवेला ईन्जिनियर अरनिको तिनै माहामानवहरुको अनुसरण सर्ने नेपालीहरु मानाताको पक्षमाछन् ।

त्यस्तै पछिल्लो उदारण श्यात्पा तेन्जिङ रेन्पोछेले विश्व  भ्रमण गर्ने क्रममा विश्वमा भईरहेको अशान्ति मानवताहरु वीचमा भईरहेको लडाई झगडा देखेर आफू प्रभावित भई मानिसहरुलाई खुशी दिलाउन शान्ति क्षेत्र निर्माण गरेर विश्वका मानव जनतलाई शान्ति आनान्द हृदयवाट आउनुपर्छ । यसरी आ-आृनो भावनावाट शान्ति आएपछि विश्वमा नै शान्तिमय हुन्छ । त्यो  भावना जगाउन  कुनै जात, धर्म, बर्ण, रङग नभनेर सवै एकठाउँ जम्मा भई शान्ति सदभावना बाड्न श्यात्पा तेन्जिङ रेन्पोछेले  विश्व शान्ति धाम निर्माण गर्न लागेका छन् ।

उक्त अभियानलाई सवैले साथ दिऔ यस अभियानले विश्वका मानिसहरुमा भड्कदै गएको नकरात्मक सोचमा परिवर्तन आउछ । त्यो परिवर्तन ल्याउने सोच नेपालका धर्म गुरु श्यात्पा तेन्जिङ रेन्पोछेले प्रर्यास गरेकाछन् । यो अत्यन्तै मानवीय पवित्र काम हो । यस कामले नेपालको लुम्बिनी क्षेत्रमा भएको हुनाले महत्वपूर्ण पनि छ । नेपालको लागि झनै गौरवापूर्ण ईतिहास पनि हुनेछ भने विश्वाका मानिसहरुका लागि शान्तिको आभास गर्न र विश्वका राष्ट्रहरु युद्ध भैझगडा गरिरहेका देशहरुले नेपालमा आएर शान्ति धाममा एकैपटक शान्तिको सन्देश विश्वमा फैलाउने र द्धष हटाएर मानवताको पक्षमा काम गर्ने कोशेढुङगा सावित हुन्छ ।

यस शान्ति धाम निर्माणले नेपाललाई विश्व सामु विश्वका शान्ति दुत गौतम बुद्धको जन्मस्थल भनेर चिनाउन मद्धत पुग्छ भने । अर्को तर्फ नेपालको अर्थतन्त्रमा पनि टेवा पुग्ने देखिन्छ । शान्तिका दुत गौतम बुद्धको जन्मस्थल लुम्बिनी र त्यसै क्षेत्रभित्र बन्ने कुनै जाति,धर्म, लिङग, बर्ण नभनि विश्व मानव जगतको लागि बन्ने विश्व शान्ति धामले नेपालमा आउने विश्वका मानव जातिले भ्रमण गर्दा त्यस क्षेत्रका स्थानीयले उत्पादन गरेका कृषि सामग्रीले स्थान पाउनुका साथै होटल व्यवसायी लगायतले मनग्य आम्दानी समेत गर्न सक्छन् ।

त्यसकारण यस्तो पवित्र कामलाई विदेशी नागरिकहरुले समेत साथ दिईरहेकाछन् । भने नेपाली नागरिकहरुले जस्तो खालको  सहयोग गर्न सकिन्छ त्यस्तै सहयोग गरेर यहि मंसिर ३० गते शान्ति धाम निर्माण गर्न श्रमदानको कार्यक्रम रहेको छ । त्यस कार्यक्रममा सहभागी भई श्रमदान गरेर सहयोग गर्न सकिन्छ । तयसैगरी मुट्ठीदान गरेर अर्थात एक रुपैया दान भन्ने योजना श्यात्पा तेन्जिङ रेन्पोछेले अभियान चलाएका छन् । विश्व शान्ति धामको क्यु आर कोड मार्फत सहयोग रकम जम्मा गरेर पनि सहयोग गर्न सकिन्छ ।

यो महत्वपूर्ण कामलाई सवैले साथ दिऔ ।

# प्रतिभा पलायन कसरी रोक्ने ?



निशेष श्रेष्ठ

सामान्य भाषामा प्रतिभा पलायन (ब्रेन ड्रेन) भनेको शिक्षित तथा प्रतिभाशाली व्यक्तिहरुको एक ठाउँबाट अर्को ठाउँमा रोजगारी, उच्चशिक्षा, राजनीतिक अस्थिरता, स्वास्थ्य तथा अन्य विविध कारणले गर्दा हुने पलायनलाई भनिन्छ । नेपालजस्तो विकासोन्मुख देशमा प्रतिभा पलायन नौलो होइन । हाम्रै आसपासका दाजुभाइ, दिदीबहिनी र आफन्तहरु अमेरिकादेखि खाडी मुलुकमा आ'नो प्रतिभा/श्रम बेचेर घर-परिवार चलाइरहेको जगजाहेर नै छ । नेपालमा शिक्षित र प्रतिभाशाली युवाहरु मात्र नभएर मध्यम र निम्नस्तरका श्रमिकहरु पनि रोजगारी र जीविकोपार्जनका लागि पलायन भएका छन् । जस्तै- रेसुंगा इकोसेल ब्लक उद्योगमा ३ दक्ष र ६ अदक्ष गरी ९ जना कामदारहरु थिए ।

२ वर्षदेखि काम गरिरहेका ३ जना कामदारहरु एकाएक विदेश जाने भनी काम छोडेर गए । नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिकभन्दा बढी नै तलब कमाइरहेका तिनीहरुलाई मैले प्रश्न गरेँ- किन यस्तो गरेको ? उनीहरुको जवाफ मिश्रित थियो । एकजनालाई पहिलाको ऋणले गर्दा घर धान्न मुस्किल भएको, अर्कोलाई दिएको तलब कम भएको र तेस्रोलाई आ'ना वरिपरिका छिमेकीहरु विदेश गई मनग्य आम्दानी गरिरहेको, त्यसैले जान खोजेको भनी जवाफ आयो । हालचाल पनि मसँगै केही वर्षदेखि काम गरिरहेको एकजना लेखापाल जापान जाने भनी काम छोडेर हिँड्ने तरखरमा छन् । तिनको जवाफ पनि यो देशमा केही नहुने र साथीहरु विदेश गएर धेरै प्रगति गरेकोले आफू कतै पछाडि पर्ने हो कि भन्ने डर थियो । यसरी बढ्दो पलायनले हाम्रो स्थानीय अर्थतन्त्र, धर्म-संस्कृति र जनसांख्यिकीय बनावट नै बिगारेको छ । यस किसिमको पलायनले हाम्रा गाउँघर रित्तिएका छन् । हाम्रै गाउँमा मलामी जान पुरुषको अभावले गर्दा रेसुंगा इकोसेल ब्लक उद्योग यही साल दुईपटक बन्द गर्नुपऱ्यो । यसरी पलायन बढ्नाले गाउँको अर्थतन्त्र धराशायी हुँदै जाने र गाउँघरहरु वृद्धाश्रममा परिणत हुने खतरा झन्-झन् बढ्दो छ ।

बढ्दो प्रतिभा पलायन नियन्त्रण गर्नका लागि सरकार र समाजले ठूलो भूमिका खेल्नुपर्ने देखिन्छ । यस लेखमार्फत हामी सबै मिलेर के गर्न सकिन्छ भन्ने केही बुँदाहरुमा प्रकाश पार्ने कोशिश गर्नेछु ।

नेपालको प्रतिभा पलायन हुनुमा उचित श्रम सम्मान नहुनु एक प्रमुख कारण हो । नेपालमा श्रम सम्मानमा जातीय र वर्गीय असमानता देखिन्छ । मेरो विचारमा बेलायत भ्रमणपछि जंगबहादुर राणाद्वारा ल्याइएको नेपालको पहिलो मुलुकी ऐन १९१० ले नेपालमा श्रमलाई अवहेलना गर्ने बाटो खोलेको हो । विभिन्न किसिमको काम गर्ने विभिन्न जातजातिलाई जात र कामको आधारमा छुट्याएर उपल्लो र तल्लो जात बनाएर नेपाली समाजलाई वर्गीकरण गरी 'फुटाऊ र राज गर' भन्ने सिद्धान्त प्रयोग गरियो । यसको फलस्वरुप अझै पनि नेपालमा छुवाछूतजस्तो सामाजिक विकृति चलनमा छ ।

हाम्रो समाजमा ठूलो र सानो काम भनी अप्रत्यक्ष वर्गीकरण गरिएको छ । जस्तै कि हाम्रै अभिभावकहरु, शिक्षकहरु र समाजले पनि बालबालिकाहरुलाई धेरै पढेर ठूलो मानिस बन्नु नत्र किसान, भरिया या यस्तै निम्नस्तरको कामदार बनिन्छ भनी आशिश दिएको पाइन्छ । यसरी हाम्रो समाजमा श्रमलाई अवहेलना गर्ने परिवेशले गर्दा प्रतिभा पलायन बढेको छ ।

छोराछोरी बराबरी भनेजस्तो श्रम पनि बराबर हो भन्ने सन्देश हामीले दिन सक्नुपर्छ । समाजमा रहेका विभिन्न किसिमका श्रमिकलाई उचित सम्मान दिनाले गाउँमै भएका प्रतिभा गाउँमै राख्न सकिन्छ । नेपाली शिक्षा प्रणाली व्यावहारिक नहुनुले पनि केही हदसम्म प्रतिभा पलायनमा सघाएको छ । एउटा माछा, एउटा बाँदर र एउटा हात्तीलाई को छिटो रुख चढ्छ भन्दा बाँदर नै पहिलो हुन्छ । हो यस्तै बनेको छ हाम्रो शिक्षा प्रणाली । विद्यार्थीहरुको प्रतिभा, सम्भाव्यता र चाहना नबुझी हाम्रो समाज विद्यार्थीहरुलाई प्रथम बनाउने होडबाजीमा लागेको जस्तो भान हुन्छ ।

वर्षभरि लिएको ज्ञान ३ घण्टामा कागजमा उतार्न लगाउनु कतिको जायज हो ? यसको बारेमा सोच्ने बेला आएको छ । हाम्रो शिक्षा प्रणाली समयअनुसार अपडेट र व्यावहारिक नभएको जनगुनासो आइरहेको छ । शिक्षा सर्वसुलभ र समान बनाउन सरकारको ध्यान जान जरुरी छ । हाम्रो शिक्षा प्रणाली स्थानीय परिवेश अनुसार स्रोत-साधनको पहिचान, स्थानीय उत्पादनको ज्ञान तथा विभिन्न किसिमका तालिमहरु प्रदान गर्ने गरी परिवर्तन गर्न जरुरी छ । जापानमा जस्तै नेपाली विद्यार्थीलाई निम्न तहदेखि नै व्यावहारिक र गुणात्मक शिक्षा प्रदान गर्ने प्रणाली विकास गर्न जरुरी छ । आ'नो काम आफैँ गर्ने, श्रमको सम्मान सिकाउने र उच्च शिक्षा हासिल गर्दा इन्टर्नसिप, भोकेस्नल तालिमजस्ता कार्यक्रम पनि शिक्षा प्रणालीमा ल्याउन जरुरी छ ।

विद्यार्थीका लागि पेसागत परामर्श, मनोवैज्ञानिक परामर्श तथा खेलकुदका माध्यमबाट हुने शारीरिक तथा मानसिक विकासमा जोड दिन जरुरी छ । यसै गरी परीक्षा प्रणालीमा काठमाडौँ विश्वविद्यालयमा जस्तै भारित औसत प्रणाली अपनाउन जरुरी देखिन्छ । राम्रो शिक्षा प्रणालीले राम्रा प्रशिक्षक र शिक्षकहरुको उत्पादन तथा सभ्य समाजको निर्माण गर्न मद्दत गर्छ । यसरी हामीले प्रतिभा पलायन नियन्त्रण गर्न सकिन्छ ।

प्रतिभा पलायन रोक्न स्थानीय र केन्द्र सरकारको भूमिका अत्यन्त जरुरी छ । सबैलाई समान शिक्षा, अवसर र रोजगारी सृजना गर्नुपर्ने स्थानीय र केन्द्रीय सरकारको दायित्व हो । तर नातावाद, कृपावाद र पहुँचकै भरमा सरकारी संयन्त्रलाई प्रभावमा पारी सरकारी स्रोत-साधन सीमित व्यापारी, पार्टीका कार्यकर्ता र राजनीतिज्ञहरुको हातमा पुगेको छ । सरकारको अनुदानका नीतिहरु पनि बालुवामा पानी खन्याएसरि नै भएका छन् ।

स्थानीय सरकारदेखि केन्द्र सरकारका नीति वितरणमुखी मात्र देखिन्छ । जस्तै कि हाम्रै अधिकांश स्थानीय तहहरु चालक प्रशिक्षण, कौसी खेती तथा अरु अनुत्पादन क्षेत्रमा बजेट खर्च गर्ने गरेको पाइन्छ । धेरैले यो कुराको विरोध गर्नुहोला तर अहिलेसम्म कौसी खेतीदेखि चालक प्रशिक्षणजस्ता कार्यक्रमले कतिको रोजगारी सृजना गरेको छ त ? यसका नमुना औँलामा गन्न सक्ने अवस्थामा छन् । कृषिमा पनि धेरै अनियमितता भएको हामीले सुनिरहेका नै छौँ । लगानीको कमीले गर्दा अनुदान चाहिएका असली किसान, उद्यमी तथा व्यवसायीहरुलाई पछाडि परेका छन् र पलायन हुन बाध्य भएका छन् । त्यसको अतिरिक्त भ्रष्टाचार र राजनीतिक अस्थिरताले आगोमा घिउ थप्ने काम गरिरहेको छ ।

यस्ता समस्या समाधान गर्नका लागि स्थानीय स्तरमै अनेकौँ योजना तथा नीतिहरु ल्याउन सकिन्छ । आ'नो स्रोत-साधनको प्रयोग गरी स्थानीय स्तरमा उद्योग, व्यवसाय र रोजगारदाताहरुलाई उचित अनुदानको व्यवस्था गर्न सकिन्छ । सरकारी संयन्त्र प्रयोग गरी चाहिने सीपमूलक तालिमदेखि बजारीकरणसम्म सक्दो सहयोग गर्न सकिन्छ । स्थानीय युवाका लागि परामर्श केन्द्र, खेलकुद केन्द्र, अनुसन्धान केन्द्र, इन्क्युवेसन कार्यक्रम तथा विभिन्न सीपमूलक तालिम गराउने केन्द्रहरु स्थापना गर्न सकिन्छ । यसरी स्थानीय प्रतिभाहरुको पहिचान गरी त्यसको संरक्षण गर्ने हो भने प्रतिभा पलायन धेरै हदसम्म नियन्त्रण गर्न सकिन्छ । पार्टीहरुले पनि युवाहरुलाई राजनीतिक महत्वाकांक्षाको पूरा गर्ने माध्यम मात्र सोचेर हुँदैन । अहिलेको राजनीतिक दलहरु पनि संयमित भई प्रतिभा पलायनको गम्भीरतालाई बुझ्न जरुरी छ ।

अन्त्यमा हाम्रो नेपाली समाजमा चलिरहेको 'नेपालमा केही हुँदैन', 'यहाँ गरेर पनि केही हुँदैन, किन गर्न पऱ्यो र ?' जस्ता नकारात्मक भाष्यलाई चुनौती दिँदै यसको विरुद्धमा सिंगो समाज नै लाग्न पर्ने देखिन्छ । केही दिनअगाडि एकजना दाइ जो यही होटेल व्यवसायमा कुक हुनुहुन्छ, उहाँ भेट हुनुभयो । मासिक १७ हजार तलब कमाइ भएको र १ सय मुरी धान उत्पादन हुने पुर्ख्यौली खेत हुँदाहुँदै पनि सबै खेत बाँझो छोडी ओमन जाने तरखरमा हुनुहुन्थ्यो । उहाँको एउटै कुरा थियो, खेती गर्न दुःख छ, तलबले पुगेन, त्यसैले जान लागेको भन्नुभयो । मैले प्रश्न गरेँ, बाबुबाजेदेखि हुने तर अहिले आएर नहुने किन ? हो, अब समाजको श्रमप्रतिको व्यवहार परिवर्तन गर्ने समय आएको छ ।

हामी आफैँ पनि स्थानीय उत्पादनमा जोड दिँदै, यसको बजारीकरणमा आ'नो स्तरबाट सक्दो सहयोग गर्नुपर्छ । पाइला टेक्दै गरेका अनेकौँ स्थानीय उत्पादन तथा सेवाहरु विदेशी उत्पादनको गुणस्तर त नहोला तर उत्पादित स्थानीय सामग्री खपत भए समयअनुसार गुणस्तर बढ्ने तथा भविष्यमा विदेशी सामानसँग प्रतिस्पर्धा गर्न सक्ने हुन्छन् । यसको ज्वलन्त उदाहरण वाइवाई चाउचाउलाई लिन सकिन्छ । प्रतिभा पलायन रोक्नु सरकारको मात्र नभई सिंगो नेपाली समाजको पनि दायित्व हो । विदेश जान लाग्ने लगानी यही माटोमा लगाएर रोजगारी सृजना गर्न सकिन्छ । गरे यहीं माटोमा सुन फलाउन सकिन्छ ।

*(लेखक श्रेष्ठ युवा उद्यमी तथा व्यवसायी हुनुहुन्छ ।)*

# शारीरिक रूपमा अशक्त थुप्रै प्रतिभा बोकेर ध्वज मगर जन आकाश मिडियामा




**काठमाडौं–** जन आकाश मिडिया प्रा.लीले निर्माण गरेको प्रतिभाको लागि सम्मान र नव प्रतिभाको लागि स्थान दिने गरी स्थापना गरिएको सङ्गीत खबर कार्यक्रम अहिले दर्शक श्रोता माझ निकै लोकप्रिय बन्दै आएको छ । अहिले यो कार्यक्रम नव प्रतिभा र नयाँ कलकार मात्र नभएर गीत सङ्गीत क्षेत्र र कलाकारिता क्षेत्रमा लामो समय बिताइसकेका राष्ट्रलाई योगदान पुऱ्याएका कलाकार पनि सङ्गीत खबर कार्यक्रममा जोडिन चाहन्छन् । त्यस्तै शारीरिक रूपमा अशक्त थुप्रै प्रतिभा भएका ध्वज मगरसँगको भलाकुसारीलाई हामीले यस अंकमा यसरी प्रस्तुत गरेका छौं ।

**पछिल्लो समय केमा व्यस्त हुनुहुन्छ ?**

यस्तै गीत सङ्गीत क्षेत्र र कलाकारिता क्षेत्रमा व्यस्त छु कहिले टेलि सिरियल कहिले गीत सङ्गीत यस्तैमा व्यस्त छु ।

**भखरै मात्र नेपाल सरकारले टिकटक प्रतिबन्ध लगाएको छ । तपाई पनि धेरै लाइभ बस्नु हुन्थ्यो । सरकारको यो निर्णयलाई के भन्नु हुन्छ ?**

नेपाल सरकारले टिकटक प्रतिबन्ध गरेर एकदम नराम्रो गऱ्यो किनकि क्यान्सर रोग लाग्यो भन्दैमा मर्छु भनेर पहिले नै आत्महत्या गर्नु ठिक होइन दुईचार दिन बच्छु भनेर औषधि उपचार गर्नु राम्रो हो । नेपाल सरकारले हतारमा निर्णय लिएर टिकटक बन्द गरो त्यो एकदमै गलत गऱ्यो । टिकटक याप्सले लुकेका प्रतिभाको प्लेटफम बन्दै आएको थियो । भने कतिको टिकटक लाइभबाट घरबार समेत चल्दै आएको थियो । कतिको व्यापार बिजनेस समेत चल्दै आएको थियो । त्यसैले नेपाल सरकारले टिकटक बन्द गरेर एकदमै गलत गऱ्यो ।

**तपाईको बाल्यकाल कसरी बित्यो यो गीत सङ्गीत क्षेत्रमा कसरी आउनु भयो ?**

मेरो बाल्यकाल चाहिँ अरुको भन्दा फरक तरिकाले बित्यो तपाईहरुले देख्दै थाहा पाउनुहुन्छ । म शारीरिक रूपमा अशक्त छु । मेरो जीवन कहिले पनि सोचे जस्तो हुन सकेन । नत बाल्यकालमा साथिभाइसंघ खेल्नै सक्थे नत टाढाको बाटो यात्रा गर्न नै सक्थे विभिन्न मेला मोहत्सबमा जान मन लाग्थ्यो । तर यो अशक्त जीवन देखाएर सबैलाई हसाउन चाहँदिन थिए । मेरो बाल्यकाल थोरै खुसी धेरै दुखमा बित्यो ।

**यो गीत सङ्गीत क्षेत्रमा कसरी लाग्नु भयो ?**

"गाउँमा प्लसटु गरेर रोजगारीको शिलशिलामा विभिन्न जिल्लामा भौतारिदै गर्दा सपनाको सहर राजधानी काठमाडौँमा आए म पनि तपाई जस्तो प्रस्तोता भएर कार्यक्रम चलाउन चाहन्थे त्यसैले काठमाडौं आएर विभिन्न कलाकारसँग अन्तर्वार्ता लिन थाले तर राम्रो अन्तर्वार्ताले युट्युबमा अलिकता पनि भ्युज गएन ।अनि बल्ल थाहा भयो हाम्रो समाजलाई । राम्रो कुरा मन नपर्ने रहेछ भनेर त्यसपछि त्यसतै खालका उत्पट्याङ खालका भिडियो बनाउन थाले त्यसमा दर्शकहरुको धेरै नजर गयो। " "त्यसपछि मेरो आदर्णिय गुरु रामु बिराही मल्ल ठकुरीसँग मेरो मेरो भेट भयो । उहाँको साथ सपोटले अहिले कलाकारिता क्षेत्रमा निरन्तर अगाडी बढी रहेको छु । " उहाँको साथसपोटबाट थुप्रै गीतहरु बजारमा निकाले अबका कहिदिनमा रामू बिराहि मल्ल र मेरो आवाजमा नयाँ गीत पनि आउदै छ ।

**यो अशक्त जीवन झेलिरहदा तपाईको बिचार मा जीवन के हो जस्तो लाग्छ ?**

जीवन भनेको पानिको फोका हो । जन्म र मृत्युको बिचमा चलिरहेको चक्र नै जीवन हो । जन्म निश्चित छ मृत्यु निश्चित छैन । मेरो बिचारमा जन्म र मृत्युको परिक्रम नै जीवन हो जस्तो लाग्छ ।

**कलाकारिता क्षेत्र र गीत सङ्गीत क्षेत्रमा लागि र हादा तपाईलाई कसैले प्रेम प्रस्ताव राखेनन् ?**

राखेहोलान् कोहीले जिस्काएर राख्नु भयो होला कसैले मन चोरेर भन्नुभयो होला कसैले यसको सोच कस्तो रैछ भनेर भन्नु भयो होला । तर मेरो प्रेमिका भन्ने कोहि पनि छैनन् । म के सोच्छु भने म आफै दुखी र पीडित छु भने म जस्तो मान्छेसँग आर्को आएर के खुसी मिल्थ्यो होला । म गन्तव्य बिना यात्रामा हिड्को मान्छे माया प्रेमको मैलेम कुनै सोच बनाएको छैन ।

**कलाकारीता क्षेत्रबाट आंनो रोजी रोटी चलाउन कतिको सहज छ तपाईलाई ?**

सहज नै छ अहिले सम्मा पुगेकै छ । सहज भन्नाले धेरै लाभ लिन सकिएको छैन । खाना लाउन धौ धौ परेको छैन सहज नै छ भनौ ।

**भोलिको दिनमा कलाकारी क्षेत्रमा कसरी अगाडी बढ्ने सोचमा हुनुहुन्छ ?**

भन्छन्नी उद्देश्य बिनाको मान्छे बाँदर जस्तै हुन्छ भनेर । म पनि त्यस्तै हो मेरो कुनै उदश्य छैन । म आफूलाई थाहा छैन म काहा पुग्छु भनेर । मैले कुनै ठुला सपना देखेको छैन । भावुक हुँदै ध्वज मगर जन आकाश मिडियासँग बताउँछन् ।

# शिवम् सिमेन्टको सहायक कम्पनी शिवम् होल्डिङ्स लिमिटेडले आई.पि.ओ. निष्कासन गर्ने



**काठमाडौं–** शिवम् सिमेन्ट्स लिमिटेडको करिव ८५ प्रतिशत शेयर लगानी रहेको शिवम् होल्डिङ्गस लिमिटेडले सर्वसाधारणको लागि आई.पि.ओ. निष्कासन गर्ने भएको छ ।

जारी पूंजी रु. ५ अर्व ८० करोडको २० प्रतिशत बराबर हुने रु. १०० का दरको १,१६,००,००० (एक करोड सोह्र लाख) थान साधारण शेयरहरु सर्व साधारणहरुका लागि नेपाल धितोपत्र वोर्डको स्वीकृतिमा सार्वजनिक निष्काशन गर्ने प्रक्रिया अगाडि बढाएको हो ।

शिवम् होल्डिङस् लिमिटेडका संचालक अध्यक्ष शिवरतन शारदाको उपस्थितीमा सिद्धार्थ क्यापिटल लिमिटेडसंग शेयर निष्काशन तथा बिक्री प्रबन्धक नियुक्ति गर्ने सम्बन्धि सम्झौता गरेको छ । उपयुक्त सम्झौता अनुसार कम्पनीले सर्व साधारणमा शेयर निष्कासन गरी बजारमा छरिएर रहेको स-साना पूँजीलाई संकलन गर्दै लगानी थप विस्तार गरी देशको अर्थतन्त्रमा योगदान पुऱ्याउदै मुनाफा आर्जन गर्ने विश्वास लिएको छ ।

शिवम् होल्डिङ्गस २०७१ सालमा प्रा.लि. कम्पनी अन्तरगत दर्ता भई २०७९ सालमा पब्लिक लिमिटेडमा नियमानुसार परिणत भएको कम्पनीले नेपालको सबै भन्दा ठूलो सिमेन्ट तथा किलङकर उत्पादन क्षमता भएको अत्याधुनिक प्रविधियुक्त ग्रिनफिल्ड उद्योग, जुन उद्योगले वेष्ट हिटको उपयोग गरि करिव १२ मेघावाट विद्युत समेत उत्पादन गरी आफ्नै उद्योगमा प्रयोग गर्दै आएको र कन्भेयरवेल्टबाट चुनढुंगा ढुवानी गर्न सुरुङमार्ग समेत निर्माण गरिरहेको चिनिया विदेशी लगानी समेत रहेको होङशी शिवम् सिमेन्ट प्रा. लि., विनयी त्रिवेणी गाँउपालिका सर्दि,पूर्वी नवलपरासीमा अवस्थित कम्पनीमा ३० प्रतिशत शेयर रहेको उक्त उद्योग विगत ५ वर्ष देखि पूर्ण संचालनमा रहेको प्रोजेक्टमा ठूलो रकम लगानी गरेको छ र उक्त शेयर लगानी गरेको कम्पनीबाट प्रतिफलसमेत प्राप्त गर्न शुरु गरिसकेको छ ।

यस शिवम् होल्डिङ्गस लिमिटेडको अधिकृत तथा जारी पूँजी रु. ५ अर्व ८० करोड मध्ये संस्थापकहरु तर्फ ८० प्रतिशत अर्थात रु. ४ अर्व ६४ करोड र सर्व साधारण तर्फ रु. १ अर्व १६ करोड शेयर पूंजी छुट्याई प्रिमियम मूल्यमा निष्कासन गर्ने प्रक्रिया प्रारम्भ गरेको हो ।

यस कम्पनीका संस्थापकहरुमा शिवम् सिमेन्ट्स लिमिटेडको संस्थागत शेयर लगानी करिव ८५ प्रतिशत र अन्य १९ जना विभिन्न उद्योग, व्यापार र पेशा व्यवसायमा सफल रहनु भएका व्यक्तिहरुको व्यक्तिगत करिव १५ प्रतिशत शेयर लगानी रहेको छ ।

यस कम्पनीले आफ्नो शेयर रकम लगानी गरेको संस्थाबाट विगत २ वर्ष देखि मुनाफा समेत प्राप्त गरेको छ भने शेयर जारी गरी सर्व साधारणबाट संकलन हुने प्रिमियम मूल्य सहितको रकम अन्य उपयुक्त परियोजनाहरु जस्तै हाइड्रोपावर, बैंक वित्तीय संस्था, टुरिजम क्षेत्र र इन्फाष्ट्रक्चरका परियोजना तथा अन्य उद्योग लगायतका क्षेत्रमा समेत शेयर लगानी विस्तार गर्ने योजना रहेको व्यहोरासम्बन्धित सारोकारवालाहरुलाई यसै विज्ञप्ती मार्फत जनाइएकोछ ।

# रामेछाप डायरी

## रामेछाप प्रहरीमा घरेलु हिंसाका ३५ वटा उजुरी दर्ता



रामेछापमा गत आर्थिक वर्ष र चालु वर्षको हालसम्मको अवधिमा महिला विरुद्ध हुने घरेलु हिंसा विरुद्धका ३५ वटा उजुरी परेका छन् । जिल्ला प्रहरी कार्यालय रामेछापका प्रहरी निरीक्षक एवं प्रवक्ता रञ्जन गिरीले सो कुरा जानकारी दिनुभयो ।

उहाँका अनुसार प्रहरीमा आर्थिक वर्ष २०७९/८० मा महिला विरुद्ध हुने हिंसाका ३० वटा उजुरी दर्ता भएका हुन् भने चालु वर्षको हालसम्म ५ वटा उजुरी परेको उहाँले बताउनुभयो ।

गत वर्ष जिल्लामा १२ वटा जबरजस्तीकरणीको घटना भएको थियो भने चालु वर्षको हालसम्म ७ वटा जबरजस्तीकरणीको घटना भएको प्रहरी प्रवक्ता गिरीले बताउनुभयो ।

पछिल्लो समय स्थानिय तहहरुको न्यायिक समितिमा घरेलु हिंसा विरुद्धको उजुरीहरु मिलापत्र हुने क्रम बढेको छ । जसका कारण प्रहरीमा उजुरी लिएर आउने क्रम केही घटेको प्रहरी निरीक्षक गिरीको भनाई छ ।

जिल्लाका स्थानिय तहहरुले हरेक वर्ष लाखौं रकम खर्च गरेर लैंगिक हिंसाविरुद्धको १६ दिने अभियान मनाएपनि महिलाविरुद्ध हुने हिंसाको घटनामा भने कमी आउन सकेको छैन ।

हरेक वर्ष अन्तरक्रिया,र्याली,सडक नाटक जस्ता कार्यक्रमहरु मात्रै गरेर हिंसा अन्त्य नहुने आरविपी डब्लु रामेछापका सचिव अपना कुमारी श्रेष्ठले बताउनुभयो ।

जबसम्म म हिंसा गर्दिन र म हिंसा पनि सहन्न भन्ने कुरामा मानिस प्रतिबद्ध हुन्छ तब मात्रै सबैखाले हिंसाहरु अन्त्य हुने सुकाजोर सकृय महिलाका अध्यक्ष राशी कार्कीको भनाई छ ।

## रामेछापमा आहिलेसम्म कोहि पनि तेस्रो लिंगीले लिएनन् नागरीकता




रामेछापमा आहिलेसम्म कोहि पनि तेस्रो लिंगीले नागरीकता नलिएको जिल्ला प्रशासन कार्यालयले जानकारी दिएको छ । जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी प्रकाश प्रधानका अनुसार अहिलेसम्म जिल्लाका कोही पनि तेस्रो लिंगीले नागरीकता नलिएका हुन ।

जिल्लामा तेस्रो लिंगी नभएका हुन वा भएर पनि नागरीकता नबनाएका हुन भन्ने कुरा खुल्न नसकेको उहाँले बताउनुभयो । पत्रकार दिपक घिमिरेका अनुसार समाजमा तेस्रो लिंगी व्यक्तिलाई हेर्ने दृष्टिकोण र गरिने व्यवहार फरक भएका कारणले पनि उनिहरु खुल्न नसकेका हुन ।

जिल्लामा धेरै संख्यामा तेस्रो लिंगी व्यक्तिहरु भएपनि उनिहरुले आफनो पहिचान लुकाएर लिङ्ग महिला वा पुरुष राखेर नागरीकता लिएका छन ।

## रामेछाप कारागारका ३५ जना कैदीले गरे रक्तदान




जिल्ला कारागार कार्यालय रामेछापमा रहेका ३५ जना कैदीले रक्तदान गरेका छन । जिल्ला कारागार कार्यालयको आयोजना तथा नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा रामेछापको सहकार्यमा रक्तदान कार्यक्रम भएको हो ।

अस्पतालमा रगतको आवश्यकता पर्ने बिरामीलाई रगतको अभाव नहोस भनेर रक्तदान कार्यक्रम गरिएको रेडक्रस सोसाईटी जिल्ला शाखा रामेछापका सदस्य ढाल विक्रम कार्कीले बताउनुभयो । जिल्ला कारागार कार्यालय रामेछापमा अहिले २१ जना महिला सहित जम्मा ३ सय ५३ जना कैदी रहेका छन ।

# अर्थ संसार

## शिवम् सिमेन्टद्वारा लक्ष्मी आधारभुत विद्यालयलाई स्कुल बस तथा स्कुल व्याग वितरण

**काठमाडौं–** देशकै एक अग्रणी सिमेन्ट उद्योग शिवम्सिमेन्ट्स लि. ले हेटौंडा-१७, हटिया मकवानपुर स्थित लक्ष्मी आधारभुत विद्यालयलाई स्कुल बस तथा भरतपुर-१५, मंगलपुर चितवन स्थित विश्व प्रकाश माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको लागि स्कुल व्याग वितरण गरेको छ ।

शिवम् सिमेन्ट्स लि.ले आफ्नो सामाजिक उत्तरदायित्व अन्तर्गत उक्त स्कुल बस तथा स्कुल व्यागहरु वितरण गरेको हो । उद्योग तथा खानी क्षेत्रका विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई विगतका वर्षहरुमा पनि विभिन्न शैक्षिक सामाग्रीहरुको वितरण, छात्रबृत्ती कोषको स्थापना तथा न्यानो कपडाहरु वितरण जस्ता कार्यहरु गर्दै आईरहेको छ ।



"विगतका दिनहरुमा पनि हामीले उद्योग संचालित क्षेत्रका विभिन्न विद्यालयहरुमा शैक्षिक सामाग्री वितरण, शैक्षिक छात्रबृत्तीहरु स्थापना तथा न्यानो कपडाहरु वितरण जस्ता कार्यहरु गर्दै आईरहेका थियौ यसै सिलशिलामा यसपटक हामीले लक्ष्मी आधारभुत विद्यालयलाई स्कुल बस तथा विश्वप्रकाश माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई पठनपाठन गर्न थप हौसला मिलोस भन्ने अभिप्रायले स्कुल व्यागहरु वितरण गरेका छौं" कम्पनी प्रतिनिधी बताँउछन ।

शिवम सिमेन्ट्स लि. ले विगतका दिनहरुमा पनि आफ्नो सामाजिक उत्तरदायित्व अन्तर्गत उद्योग क्षेत्रका विभिन्न विद्यालयहरुमा छात्रवृत्तीको स्थापना, न्यानो कपडा वितरण, स्कुलबस, स्वास्थ्य सिविर, विपन्न परिवारको लागि खाद्यान्न वितरण, Isolation Bed निर्माणको लागि आर्थिक सहयोग, डाईलेशिस मेसिन, अक्सीजन प्लान्टको निर्माण, एम्बुलेन्स हस्तान्तरण, सडक निर्माण, डिप ट्यूव बोरिब, बृक्षारोपण आदी जस्ता कार्यहरु गर्दै आईरहकेको छ ।

Quality को मामलामा No Compromise भन्दै गुणस्तरीय उत्पादन तथा विक्रि वितरण गर्दै, देशको विभिन्न ठुला-ठुला राष्ट्रिय गौरवका आयोजनाहरुमा आफ्नो महत्वपुर्ण भुमिका निभाउदै आएको शिवम्सिमेन्टले सिमेन्ट जगतमै पहिलो पटक नापतौल तथा गुणस्तर विभागबाट प्रदान गरिने NS Quality Award–2019 बाट पुरस्कृत हुन सफल भएको छ ।

OPC Cement मात्र उत्पादन गर्दै आएको शिवम्सिमेन्ट गुणस्तरीय एवम् उत्कृष्ट उत्पादन हो । "भरोसा अटुट सम्बन्धको", "गुणस्तरको पहिचान हो शिवम", "गुणस्तरमा कहिल्यै सम्झौता नगरौं" तथा Quality को मामलामा No No Compromise, जस्ता मुल नाराका साथ अगाडी बढिरहेको शिवम सिमेन्ट्स लिमिटेडले आफ्नो गुणस्तरीय उत्पादन तथा बिक्री वितरण र बिक्री पछिको प्राविधिक सेवाको कारणले पहिलो स्थानमा रहन सफल भएको छ ।

सन् २००९ मा नेपालका केन्द्र भाग हेटौंडामा स्थापित यस सिमेन्ट उद्योगले अत्याधुनिक जर्मन प्रविधी उक्त प्लान्टबाट आफ्नै चुनढुङ्गाको प्रयोग गरी उच्च गुणस्तरको क्लिंकर र शिवम्सिमेन्ट तथा शिवम प्लस सिमेन्ट उत्पादन तथा बिक्री वितरण गर्दै आएको छ ।

## आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेडबीच नगद रहित (Cashless) सेवा सम्झौता

काठमाडौं- आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेड र भक्तपुरको भीमसेनस्थानमा रहेको सिद्धि स्मृति प्रतिष्ठानबीच सेवा प्रदान गर्ने सम्झौता भएको छ ।

उक्त सम्झौता पत्रमा आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेडका नायव प्रमुख कार्यकारी उज्ज्वल ढुंगाना र सिद्धि स्मृति प्रतिष्ठानका संचालन निर्देशक अनिल राज भण्डारीले हस्ताक्षर गरे । यस सम्झौता पश्चात आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेडबाट औषधी उपाचार बीमा सेवा खरिद गर्ने ग्राहक महानुभावहरुको बीमा लेखको सीमासम्म




सिद्धि स्मृति प्रतिष्ठानबाट नगद रहित हस्पिटलाई जेशस (Cashless Hospitalization) प्राप्त गर्न सकिने छ ।

साथै, सोही अवसरमा आइजी आई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेडका नायव प्रमुख कार्यकारी उज्ज्वल ढुंगानाले सिद्धि स्मृति प्रतिष्ठानले आफना ग्राहक महानुभावहरुलाई आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेडसँग औषधी उपाचार बीमा लेख खरिद गरी अस्पतालसँग बीमा लेखको सिमासम्म नगद रहित हस्पिटलाई जेशस(Cashless Hospitalization) सेवा लिन उत्प्रेरित गर्ने अपेक्षा राख्दै अस्पताल र अस्पतालसँग आवद्ध सदस्य महानुभावहरुलाई औषधी उपाचार लगायत आवश्यक पर्ने सबै प्रकारका निर्जीवन बीमा सेवा आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेडबाट प्राप्त गर्न सक्नु हुने हुनाले ढुक्क भएर सेवा लिन आव्हान गरे ।

## नेशनल लाईफको कोशी टप्पु भ्रमण सम्पन्न



**काठमाडौं–** नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लि. ले आफ्ना अभिकर्ताहरुलाई कोशी टप्पु भ्रमण गराएको छ ।

कम्पनीको मासिक योजना अन्तर्गत लक्ष्य पुरा गर्ने अभिकर्ताहरुले कोशी टप्पुको भ्रमण, सप्तकोशीमा बोटिङ लगाएतका विभिन्न मनोरञ्जनात्मक कार्यक्रममा उत्साहजनक सहभागिता जनाएका थिए । कम्पनीका प्रमुख कार्यकारी अधिकृत सहित प्रदेश प्रमुख, विभागिय प्रमुख तथा विभिन्न शाखाका शाखा प्रमुखहरु सहित देशैभरीबाट उत्कृष्ट व्यवसाय गरी योजनामा छनौट हुन सफल हुनुभएका करिब ६००जना भन्दा बढि बरिष्ठ अभिकर्ताहरुले कार्यक्रममा सहभागिता जनाएका थिए ।

सो अवसरमा प्रमुख कार्यकारी अधिकृत सुरेश प्रसाद खत्रीको सभापतित्वमा सम्मान कार्यक्रमको आयोजना गरी उत्कृष्ट व्यवसाय गर्ने अभिकर्ताहरुलाई सम्मान गरिएको थियो । प्रमुख कार्यकारी अधिकृत सुरेश प्रसाद खत्रीले अभिकर्ताहरुको अथक परिश्रम र मेहनतका कारण नै कम्पनी सँधै अब्बल रहने भएकाले अभिकर्ता सञ्जाललाई अझ व्यवसायिक बनाउन यथाशक्य थप लगानी गर्ने र कम्पनीलाई अग्रस्थानमा पुऱ्याउन महत्वपूर्ण भुमिका खेल्ने अभिकर्ता समूहको वृत्ति विकासलाई सँधै प्राथमिकतामा राख्ने उदेश्यले यस्ता कार्यक्रमहरुको आयोजना गरिएको जानकारी गराउनु हुँदै योजनामा छनौट भई सम्मानित हुन सफल अभिकर्ताहरुलाई गिफ्ट भौचर र अवार्ड प्रदान गरेका थिए ।

सहभागि अभिकर्ताहरुले अर्नाका लागि प्रसिद्ध नेपालको वन्यजन्तु आरक्षण केन्द्र कोशी टप्पुको भ्रमण र सप्तकोशीमा बोटिङ लगाएतको मनोरञ्जनात्मक क्रियाकलापमा सहभागि हुने अवसर प्रदान गरेकोमा कम्पनी प्रति आभार व्यक्त गर्दै यस प्रकारको कार्यक्रमबाट मनोरञ्जनका साथै आफ्नो वृत्ति विकासमा समेत योगदान पुऱ्याउने विश्वास व्यक्त गरेका थिए ।

## हिमालय एअरलाइन्सद्वारा काठमाडौं सांघाई काठमाडौं उडान सेवाको उद्घाटन

**काठमाडौं–** नेपाल-चीन संयुक्त लगानी भएको हिमालय एअरलाइन्स्ले डिसेम्बर २, २०२३ मा लामो समयदेखि प्रतीक्षारत काठमाडौं-सांघाई-काठमाडौं उडान सेवाको उद्घाटन गरेको छ ।

यो सेवा बिस्तारलाई एअरलाइन्स्ले नेपाल र चीनबीचको कनेक्टिभिटी बढाउने र द्विपक्षीय सम्बन्धलाई प्रवर्द्धन गर्ने प्रतिबद्धताका रुपमा लिएको छ । यस नयाँ काठमाडौं-सांघाई-काठमाडौं रुटले यात्रुहरूलाई नेपालको राजधानी र चीनको सबैभन्दा विशाल एवम् विश्वकै प्रमुख व्यापारिक केन्दका रूपमा परिचित सहरको बीचमा सहज यात्राको विकल्प प्रदान गर्नेछ । दुई सहरका बीच हुने प्रत्यक्ष सम्पर्कले सहज, सुरक्षित एवम् प्रभावकारी यात्रा प्रदान गर्ने हिमालय एअरलाइन्स्को प्रतिबद्धतालाई समेत झल्काएको छ ।

पहिलो आउट बाउन्ड उडान, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट स्थानीय समय अनुसार बिहान ९:५० मा प्रस्थान गरेको थियो र सांघाइको सांघाई पुडोङ्ग अन्तर्राष्ट्रिय विमानस्थलमा स्थानीय समय अनुसार साँझको ४:३१ बजे अवतरण गर्ने छ । यस उडानको अवधि ४ घण्टा ७ मिनेटको रहनेछ ।

पहिलो उडानमा कूल यात्रु संख्या एक सय अठतिस रहेको थियो । डिसेम्बर २ पछि सुरुमा हरेक शनिवार मात्र उडान सेवा सञ्चालन गर्ने योजना रहे पनि डिसेम्बर २०, २०२३ देखि हरेक बुधबार र शनिबार गरी हप्तामा दुई पटक उडान सेवा बिस्तार गर्ने एअरलाइन्स्को योजना रहेको छ ।

यस उडान सेवासँगै नेपाल र चीनबीच हिमालय एअरलाइन्स्को यो तेस्रो सिधा उडान सेवा हुनेछ । एअरलाइन्स्ले यस अघि नै बेइजिङ र छिन्ताओमानियमित रूपमा उडान सेवा सञ्चालन गर्दै आएको छ ।

उद्घाटन कार्यक्रममा त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थलका महाप्रबन्धक प्रताप बाबु तिवारी र नेपालका लागि चिनियाँ आर्थिक तथा वाणिज्य कन्सुल र सी यु प्रमुख अतिथिका रुपमा उपस्थित हुनु भएको थियो । उपस्थित विशिष्ट व्यक्तिहरूलाई हिमालय एअरलाइन्स्का अध्यक्ष, झोउ एनयोङ र उपाध्यक्ष, विजय श्रेष्ठले स्वागत गर्नु भएको थियो ।

आफ्नो स्वागत सम्बोधनमा एअरलाइन्स्का उपाध्यक्ष विजय श्रेष्ठले भन्नुभयो,"नेपाल र चीनबीचको दुई दशकको उड्डयन इतिहासमा चीनले नेपालमा पहिलो यात्रु उडानको सुरुवात गरेको थियो । चीनबाट नेपालमा सबैभन्दा धेरै एयरलाइन्सहरूले उडान सेवा सञ्चालन गर्दछन् । हिमालय एअरलाइन्स् समेत गरी नेपालमा ६ वटा एअरलाइन्सद्वारा चीन-नेपाल उडान हुँदै आएका छन् ।

हिमालय एयरलाइन्सले कोभिड अवधि अघि चीनका ५ वटा गन्तव्यमा उडान भरेको थियो र निकट भविष्यमा चीनका विभिन्न गन्तव्य वृद्धिसँगै सञ्चालन भइरहेका गन्तव्यमा पनि उडान संख्या बढाउने योजनामा रहेको छ । हिमालय एयरलाइन्स्का हालका गन्तव्यहरू पर्यटकीय गन्तव्यमा आधारित छन् । कोभिड महामारी अघि विश्वभर १६ करोड पर्यटक बाहिर पठाएको चीनले कोभिड महामारीपछि पनि विश्वका विभिन्न भागहरूमा थप पर्यटक पठाउने प्रयास गरिरहेको छ जसमध्ये नेपाल पनि प्रमुख गन्तव्यको रूपमा रहेको छ ।

## सानिमा बैंक अब स्याङ्जाको पुतलीबजारमा



**काठमाडौं–** सानिमा बैंक लिमिटेडले २०८० मंसिर १३गते स्याङ्जाको पुतलीबजारमा शाखा स्थापना गरी बैंकिङ्ग सेवा विस्तार गरेको छ ।

उक्त शाखा कार्यालयको समुद्घाटन ब्रान्ड प्रवर्द्धक वरिष्ठ कलाकार मदन कृष्ण श्रेष्ठ बैंकका संचालक, रमेश कुमार पोखरेल तथा बैंकका प्रमुख कार्यकारी अधिकृत निश्चल राज पान्डेले संयुक्त रुपमा गरे । समुद्घाटन् समारोहमा मदन कृष्ण श्रेष्ठले स्याङ्जाको पुतलीबजारमा सानिमा बैंकको कार्यालय संचालनमा आएकोमा बैंकलाई बधाई ज्ञापन गर्दै सबल अनि विश्वसनीय बैंकको रुपमा निरन्तर विस्तार हुन र थप सफलताको लागि शुभकामना व्यक्त गरे ।

त्यसैगरी सानिमा बैंकका संचालक, रमेश कुमार पोखरेलले सानिमा बैंकलाई विश्वास गरि सबल अनि विश्वस्निय बैंकको रुपमा स्थापित हुन सहयोग गर्ने बैंकका ग्राहक तथा सरोकारवालाहरुलाई निरन्तर सहयोग तथा संरक्षणका लागि कृतज्ञता व्यक्त गरे ।

त्यसैगरी उक्त कार्याक्रममा बोल्दै, बैंकका प्रमुख कार्यकारी अधिकृत, निश्चल राज पान्डेले स्याङ्जा जिल्लामा शाखा स्थापना गरेर बैंकले स्थानिय ग्राहरुलाई विश्वसनीय एवम स्तरीय सेवा प्रदान गर्ने प्रतिवद्दता व्यक्त गरी यस कार्याक्रममा सम्पुर्ण स्याङ्जा वासिको सहयोग र साथ पाउने विश्वास व्यक्त गरे । सानिमा बैंकको देशका सातै प्रदेशमा १३३ वटा कार्यालयर १२३ वटा ए.टि.एम. संचालनमा रहेका छन् ।

## ज्योति विकास बैंकका ग्राहकहरूलाई "Sea Food"मा २७५ सम्म आर्कषक छुट




**काठमाडौं–** ज्योति विकास बैंकले ग्राहकवर्गलाई Sea Food बाट माछा-मासु लगायतका अन्य फ्रोजन खाद्यमा २७५ सम्मको छूट प्रदान सम्बन्धी सम्झौता गरेको छ ।

बैंकले काठमाडौं महानगरपालिका-१५ डल्लुस्थित सी फुड एण्ड फुड ट्रेडर्ससंग गरेको सम्झौता बमोजिम ग्राहकहरुले उक्त आकर्षक छुट पाउनेछन् । सम्झौता पत्रमा बैंकका तर्फबाट चिफ मार्केटिङ अफिसर बलदेव थापा तथा सी फुड एण्ड फुड ट्रेडर्सका तर्फबाट Sea Food का संचालक प्रिती गुरुङ खड्गीले हस्ताक्षर गरेका थिए ।

ज्योति विकास बैंकका ग्राहकले क्भब ँययम का खाद्य सामग्रीहरु खरिद गर्दा बैंकको मोवाइल बैंकिङ, चेक बुक तथा कार्डबाट विल भुक्तानी गर्दा छुट प्राप्त गर्न सक्नेछन्। बैंकले देशका अन्य विभिन्न व्यवसायहरुसंग निरन्तर रुपमा सहकार्य गर्दै ग्राहकहरुलाई विशेष छुटको व्यवस्था गर्दै आइरहेको छ ।

आफ्नो खुद मुनाफाबाट नेपालमा हाल सञ्चालनमा रहेका अन्य बैंक तथा वित्तीय संस्थाहरुले सामाजिक उत्तरदायित्व अन्तर्गत समाजिक कार्यमा गर्ने योगदान भन्दा ५० प्रतिशत बढी रकम छुट्याई समाजप्रति उत्तरदायी बनेको यस विकास बैंकले नागरिकको सर्वोत्तम हित सदा उच्च प्राथमिकतामा राखेको छ ।

संस्थागत शुशासनलाई शिरोपर गरी ग्राहक वर्ग, कर्मचारी, नियामक निकाय, शेयरधनी र समग्र सरोकारवालाको हक हितमा योगदान पुर्याउन ज्योति विकास बैंक सदैव प्रतिवद्ध रहेको छ । ज्योति विकास बैंकले हाल १२१ शाखा कार्यालय, ३ विस्तारित काउन्टर तथा ७५ वटा (ATM) मार्फत बैंकिङ सेवा उपलब्ध गराउँदै आइरहेको छ ।

# सामाजिक सञ्जालमार्फत नेताहरूलाई व्यंग्य गर्दै बालेनले यस्तो भने ?



**काठमाडौं–** काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहले मिसन-८४ ले देश नबन्ने बताएका छन् । बुधवार राति सामाजिक सञ्जालमार्फत नेताहरूलाई सकाएर मात्र देश बन्ने भन्दै बालेनले आक्रोश पाखेका हुन् ।

राजनीतिक दलहरुले आगामी २०८४ सालमा हुन गइरहेको आमनिर्वाचनलाई लक्षित गर्दै 'मिसन-८४' अभियान चलाइरहेकाप्रति बालेनले व्यंग्य गरे ।

'तिमीहरूको ८४ ले बन्दैन, तिमीहरूको ८४ सक्किएर बन्छ । तिमीहरूलाई सकाएर बन्छ,' न्यापरसमेत रहेका उनले कवितात्मक शैलीमा फेसबूकमा लेखेका छन् ।

# विश्व शान्ति धाम निर्माणमा श्रमदान गर्न श्याल्पा तेन्जिङ रेन्पोछेको आग्रह



**मोहन कार्की**

काठमाडौं- लुम्बिनीमा निर्माणधीन विश्व शान्ति धामको निर्माणमा एकदिन श्रमदान कार्यक्रम यहि मंसिर ३० गते रुपन्देहीको लुम्बिनी क्षेत्रमा हुने र उक्त कार्यक्रममा विश्वका मानिसहरुलाई जानकारीको लागि स्वऐच्छाले श्रमदानमा सहभागी भईदिन र उक्त दिन विश्वभरका शान्ति धाम सदस्यहरुसँग संयुक्त प्रथना, ध्यान, नृत्यमा सहभागी भईदिन श्याल्पा तेन्जिङ रेन्पोछेले आग्रह गरेकाछन् ।

यहि मितिः २०८० साल मंसिर १४ गते उनले विश्व शान्ति धामको सम्पर्क कार्यलय काठमाडौको महाँकालमा पत्रकार सम्मेलन गरी उक्त जानकारी दिएका हुन् । रेन्पोछेले पत्रकारहरुलाई भने, "विश्वमा धार्मिक आ-आफ्ना आस्था भएका मन्दिर, गुम्बा, चर्च, मक्का मदिना रहेकाछन् । त्यहा सवैले आ-आफ्नो धर्म अनुसार मात्र ति आस्थाका केन्द्रहरुमा जाने गर्दछन् ।

तर सवै विश्वका मानिसहरु एकैठाँउ भेला भएर शान्तिको आनान्द लिने आपासमा सदभाव कायम गर्ने ठाँउको अभाव मैले विश्वका बिभिन्न देशमा जाने क्रममा भावना उत्पन्न भयो । त्यसपछि ठाँउको खोजिमा लाग्न थाले ठाँउ छान्ने क्रममा मायादेवीले आफ्नो सन्तानको लागि गरेको त्याग चित्रित गर्ने ठाँउनै उपयुक्त लागेर जाहाँ हरेक जाति रंग धर्म संप्रदायका मानिसहरु एकैसाथ आउन सक्छन् र शान्तिको विगुल फुक्न सक्छन् र सम्पुर्ण मानव कल्याणको लागि काम गर्न सक्छन् ।

यो यस्तो खुल्ला मञ्च हुनेछ । जाहाँ शान्तिप्रीय व्याक्तिहरु, विश्व नेताहरु र नीति निर्माताहरुले विश्वव्यापी द्वान्द्वको समेत शान्तिपुर्ण सावधानहरु खोजसँगै काम गर्न सक्छन् ।" रेन्पोछेको भनाई, पत्रकारहरुले यो कहिलेवाट शुरु भएको, यसको निर्माणधीन खर्च कति लाग्छ, कसरी व्यवस्थापन भईरहेको छ ? भनेर प्रश्न गर्दा रेन्पोछेले कोभिड भन्दा केही समय आगाडी काम शुरु गरेका थियौ तर कोभिडले गर्दा पछाडी धकेलियो । त्यसपछि १ बर्ष अगाडी पुनः काम शुरु गरेका छौ ।

जग हाल्ने काम करिब सकिन लागेको छ । जग हाल्नको लागि भियतनामका एकजना साथीले सामग्री सहयोग गरेका हुन् । भने अन्य आर्थिक मुट्ठी दान अर्थात विश्वका मानिसहरुवाट एक रुपैया दान निस्वर्थ भावना राखेर सहयोगको आग्रह गरेर जम्मा हुने रकमले निर्माण गरिहेको रेम्पोछेले बताएका हुन् । उनले पत्रकार हरुलाई बृस्तृत जानकारी गराउदै मुट्ठी दान अर्थात एक रुपैया दान गर्न विश्व शान्ति धाम निर्माणको खाताको क्युआर कोडमा गई गर्न सकिने पनि जानकारी गराएका थिए । उनले सेवा नै धर्म हो । श्रमदान गरेर सेवा गरी धर्म कमाउन पनि आग्रह गरेका छन् ।

पत्रकारहरुलाई अन्तमा रेन्पोछेले धन्यवाद दिदै कार्यक्रममा आएर विश्वको शान्ति धाम निर्माणमा याहाहरुको महत्वपूर्ण सहयोग भएकोमा धन्यवाद दिदै आउदो ३० गते श्रमदान कार्यक्रममा पनि आउन आग्रह गरेका थिए ।

# सातदोबाटोमा नेपाली जुत्ताघरको उद्घाटन

**काठमाडौं–** नेपाली जुत्ता चप्पल उत्पादक समुहद्धारा "नेपाली उत्पादनको प्रवर्द्धन हाम्रो अभियान" भन्ने मुख्य नारा सहित नेपाली ब्राण्डका जुत्ता चप्पलको सामुहिक शोरुम सातदोबाटो नेपाली जुत्ताघरको उद्धाटन गरिएको छ ।




यस सामुहिक शोरुमको उद्धाटन बागमती प्रदेश उद्योग वाणिज्य भुमि तथा प्रशासन मन्त्री माननिय रामकृष्ण चित्रकारले गरे । साथै नेपाली जुत्ता उत्पादक उद्योगीहरुको समुहलाई सामुहिक शोरुमको सफलताका लागि शुभकामना व्यक्त गरे । माननिय मन्त्रीले नेपाली उत्पादनको प्रवर्द्धनका लागि सक्दो सहयोग गर्ने र नितिगत रुपमा सिङ्गो उत्पादन क्षेत्रलाई अगाडी बढाउनका लागि महत्वपूर्ण भुमिका निभाउने कुरा बताए ।

साथै उद्योगमार्फत रोजगारी सिर्जना गरी आर्थिक रुपमा योगदान पुर्याएकोमा जुत्ता उत्पादक उद्योगी व्यवसायीहरुलाई धन्यवाद ज्ञापन गरे । उद्धाटन कार्यक्रममा उद्योग बाणिज्य महासंघका पुर्व कार्यकारी सदस्य, बर्तमान कार्यकारी सदस्य तथा फुटवेयर व्यवसायीहरुको उपस्थिती रहेको थियो ।

स्वदेशी उत्पादनलाई प्रवर्द्धन गर्ने उदेश्यले नेपाली जुत्ता उत्पादक समुहद्धारा सामुहिक शोरुम अवधारण अन्तर्गत खोलिएको यस सातदोबाटो नेपाली जुत्ताघर पाचौं शोरुम हो । यस अघि पोखरा, बुटबल, जनकपुर र न्यूरोडमा चारवटा सामुहिक शोरुमको उद्धाटन गरिसकेको छ । यस शोरुममा उत्पादक र उपभोक्तबीच प्रत्यक्ष सम्पर्क हुने हुँदा ग्राहकको रुची र चाहना अनुरुपका उत्पादन बजारमा ल्याउन सहज हुने उद्योगीहरुको विश्वास रहेको छ ।

साथै बिभिन्न व्यापारीक च्यानल मार्फत बजारमा उत्पादन पठाउँदा बस्तुको मूल्य बृद्धी हुने र यसले उत्पादक र उपभोक्त दुबै पक्ष मारमा पर्ने भएकाले सामुहिक शोरुमको यस अवधारण अन्तर्गत ग्राहकले कम मूल्यमा गुणस्तरीय सामानहरु प्राप्त गर्दछन । सातदोबाटो नेपाली जुत्ता घरमा वि.एफ डियर हिल र वि.एफ स्पोट, रोयल शुज, फस्टवाक शुज, क्रस रोड शुज, डि.जे. शुज, कोसेली छाला जुत्ता, रन शुज र स्मार्ट शुज गरी ८ वटा ब्राण्डका आधुनिक तथा गुणस्तरीय जुत्ता चप्पलहरु आकर्षक छुटमा उपलब्ध रहेका छन ।

उद्योगीहरुको यस समुहद्धारा आगामी दिनमा देशभरका बिभिन्न स्थानहरुमा नयाँ शोरुमहरु खोल्ने र उपभोक्ताहरुलाई गुणस्तरीय उत्पादनहरु उपलब्ध गराउने जानकारी गराए । साथै देशको दिगो आर्थिक बिकाशका लागि आफ्नै देशको श्रम तथा सिपलाई प्रयोग गरेर देशमा नै रोजगारी सृजना गरिरहेका यस्ता प्रकारका उद्योगहरुको बिकाश बिस्तारमा राज्यका तर्फबाट पनि नीतिगत सहयोग हुनु जरुरी रहेको छ ।

# खेलकुद

## गोकुलगंगा पालिकास्तरीय राष्ट्रपति रनिङशील २०८० ठोसेमा हुने

**जन आकाश संवाददाता**

**रामेछाप–** यहि पौष ७ गतेवाट रामेछाप जिल्लाको गोकुलगंगा गाउँपालिकास्तरीय राष्ट्रपति रनिङशील प्रतियोगिता सोही पालिकाको वाडन २ ठोसेमा रहेको शारादा माविमा आउदो पौष ७ गतेवाट शुरु हुने भएको छ ।

उक्त प्रतियोगितालाई सभ्य र भव्य बनाउन धेरै जति तयारी पुरा भईसकेको र केही आंशिक काम मात्र बाँकी रहेको आयोजक समेत रहेको शारदा माविका व्यवस्थापन समितिका अध्यक्ष मनिराज कार्कीले जानकारी दिएकाछन् । उनले रामेछाप जिल्लाकै औपचारिक पहिलो पाठशाला भएको माविमा विगतमा पनि जिल्लास्तरीय, अञ्चलस्तरीय प्रतियोगिताहरु सफलतापूर्वक सम्पन्न गरिसकेको र ति विगतमा अग्रजहरुले गरेका सफताको विरासत कम हुन नदिने र अर्को स्थानीय तह व्यवस्था लागु भएपछि पहिलो पटक ठोसेमा हुन लागेको पालिकास्तरीय रनिङशील प्रतियोगिताको आयोजक पाउदा ठोसेको शारदा माविले विगतका सफलताहरुलाई आत्मसाथ गर्दै अझै प्रगति गर्नेगरी काम भईरहेको प्रतियोगिताभर व्यवस्थापनमा कुनै कमि आउन नदिने र ठोसेको शानलाई उजागर गर्ने गरी काम भईरहेको जन आकाश मिडियासँग कुराकानी गर्ने क्रममा कार्कीले बताएका हुन् ।

उक्त प्रतियोगितामा पालिका भित्रका सवै माविहरुले भाग लिनेछन् । जसमा वाडन २ देखि ६ सम्मकामा एक एक मावि रहेकाछन् । भने वाडन १ मा २ वटा मावि रहेका छन् । जम्मा ७ वटा माविले भाग लिनेछन् ।



**भाग लिने माविहरूको नामवली यस प्रकार छ ।**

वाडन. १ का जट्टेश्वरी मावि खरानेटार, सेतीदेवी मावि साङवा डाँडा
वाडन २ को शारदा मावि ठोसे
वाडन ३ को गोकुलगंगा मावि रसनालु
वाडन ४ जन जागृती मावि बेताली
वाड न.५ कमलादेवी मावि नमाडी
वाडन. ६ श्रीदेवी मावि फर्पु रहेका छन् ।

क्रमश रामेछाप जिल्ला भित्रका स्थानीय निकायहरुको खेल एकै समयमा नगर्ने गरी जिल्ला खेलकुद विकास समितिमा निर्णय भएको थियो । सोही मुताविक गोकुलगंगा गाउँपालिकाले पौष ७ गतेवाट हुन लागेको हो ।

प्रतियोगितामा सहभागी हुने बिद्यार्थी खेलाडि करिव ४२० रहनेछन्

प्रतियोगितामा प्रतिस्पर्धा गराईने खेलहरूस् भलिबल, कबड्डी, हाइजम्प, लङ्गजम्प, ज्याभ्लिङ थ्रो, सटपुट, दौड १०० मि, २००मि, ४०० मि, ८०० मि, १५००मि, ३००० मि, रिले ४,१०० मि र ४,४००मि । रहेका छन् ।

## उमाकुण्डको गाउँपालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड गुम्देलमा हुँदै

**काठमाडौं–** उमाकुण्ड गाउँपालिकाको चौथो संस्करण 'राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०८०' आउने पौष महिनामा हुने भएको छ ।

प्रतियोगितामा पालिकाका ७ विद्यालयका पुरस्कृत गरिने उल्लेख छ ।

साथै विधागत खेलहरूमा सर्वाधिक विजेता विद्यालय प्रथम द्वितिय तृतिय लाई ट्रफि तथा नगद पुरस्कार समेत वितरण गरिनेछ ।



बिद्यार्थीहरूलाई विभिन्न खेलमा प्रतिस्पर्धा गराएर कार्यक्रम गर्न लागेको हो ।

पौष १ देखि ३ गते गरि ३ दिनसम्म सञ्चालन हुने राष्ट्रपती रनिङ शिल्ड प्रतियोगिता गाउँपालिकाको अध्यक्ष शेर बहादुर सुनुवारको प्रमुख आतिथ्यमा उदघाटन हुने उमाकुण्ड खेलकुद विकास समितिका अध्यक्ष सुदिप सुनुवारले जानकारी दिएका हुन ।

प्रतियोगितामा सहभागी हुने बिद्यार्थी खेलाडि करिव ४२० रहनेछन् । खेलकुद विकास समितिका अध्यक्ष सुनुवारका अनुसार प्रतियोगिताको लागी रू १८ लाख बजेट गाउँपालिकाबाट विनियोजन गरिएको छ ।

यस्तै, विजेता खेलाडिले नगद पुरस्कार, मेडल तथा प्रमाण पत्र प्राप्त गर्ने छन । टिममा सहभागी खेलाडीमध्ये उत्कृष्ट खेलाडीलाई

प्रतियोगितामा सहभागी हुने विद्यालयहरू

श्री महालङ्गुर मा.वि. उमाकुण्ड -०१, गुम्देल
श्री सिद्धेश्वर मा.वि. उमाकुण्ड -०२, बाम्ती
श्री जनता मा.वि. उमाकुण्ड -०३, कुँबु श्री चण्डेश्वरी मा.वि. उमाकुण्ड -०४, प्रिती
श्री सरस्वती मा.वि. उमाकुण्ड -०५, प्रिती
श्री कैलेश्वर मा.वि. उमाकुण्ड -०६, गुप्तेश्वर
श्री कास्थेम मा.वि. उमाकुण्ड -०७, भुजी रहेकाछन ।

प्रतियोगितामा प्रतिस्पर्धा गराईने खेलहरूः भलिबल, कबड्डी, हाइजम्प, लङ्गजम्प, ज्याभ्लिङ थ्रो, सटपुट, दौड १०० मि, २००मि, ४०० मि, ८०० मि, १५००मि, ३००० मि, रिले ४,१०० मि र ४,४००मि । रहेको खेलकुद संयोजकले जानकारी दिएका हुन ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- १७, २०८० साल मंसिर १९ गते मंगलबार (Dec 5, 2023)

# सातदोबाटोमा नेपाली जुत्ताघरको उद्घाटन




**काठमाडौं–** नेपाली जुत्ता चप्पल उत्पादक समुहद्धारा "नेपाली उत्पादनको प्रवर्द्धन हाम्रो अभियान" भन्ने मुख्य नारा सहित नेपाली ब्राण्डका जुत्ता चप्पलको सामुहिक शोरुम सातदोबाटो नेपाली जुत्ताघरको उद्घाटन गरिएको छ ।

यस सामुहिक शोरुमको उद्घाटन बागमती प्रदेश उद्योग वाणिज्य भुमि तथा प्रशासन मन्त्री माननिय रामकृष्ण चित्रकारले गरे । साथै नेपाली जुत्ता उत्पादक उद्योगीहरुको समुहलाई सामुहिक शोरुमको सफलताका लागि शुभकामना व्यक्त गरे । माननिय मन्त्रीले नेपाली उत्पादनको प्रवर्द्धनका लागि सक्दो सहयोग गर्ने र नितिगत रुपमा सिङ्गो उत्पादन क्षेत्रलाई अगाडी बढाउनका लागि महत्वपूर्ण भुमिका निभाउने कुरा बताए ।

साथै उद्योगमार्फत रोजगारी सिर्जना गरी आर्थिक रुपमा योगदान पुर्याएकोमा जुत्ता उत्पादक उद्योगी व्यवसायीहरुलाई धन्यवाद ज्ञापन गरे । उद्घाटन कार्यक्रममा उद्योग बाणिज्य महासंघका पुर्व कार्यकारी सदस्य, बर्तमान कार्यकारी सदस्य तथा फुटवेयर व्यवसायीहरुको उपस्थिती रहेको थियो ।

स्वदेशी उत्पादनलाई प्रवर्द्धन गर्ने उदेश्यले नेपाली जुत्ता उत्पादक समुहद्धारा सामुहिक शोरुम अवधारण अन्तर्गत खोलिएको यस सातदोबाटो नेपाली जुत्ताघर पाचौं शोरुम हो । यस अघि पोखरा, बुटबल, जनकपुर र न्यूरोडमा चारवटा सामुहिक शोरुमको उद्घाटन गरिसकेको छ । यस शोरुममा उत्पादक र उपभोक्तबीच प्रत्यक्ष सम्पर्क हुने हुँदा ग्राहकको रुची र चाहना अनुरुपका उत्पादन बजारमा ल्याउन सहज हुने उद्योगीहरुको विश्वास रहेको छ ।

साथै बिभिन्न व्यापारीक च्यानल मार्फत बजारमा उत्पादन पठाउँदा बस्तुको मूल्य बृद्धी हुने र यसले उत्पादक र उपभोक्त दुबै पक्ष मारमा पर्ने भएकाले सामुहिक शोरुमको यस अवधारण अन्तर्गत ग्राहकले कम मूल्यमा गुणस्तरीय सामानहरु प्राप्त गर्दछन । सातदोबाटो नेपाली जुत्ता घरमा वि.एफ डियर हिल र वि.एफ स्पोट, रोयल शुज, फस्टवाक शुज, क्रस रोड शुज, डि.जे. शुज, कोसेली छाला जुत्ता, रन शुज र स्मार्ट शुज गरी ८ वटा ब्राण्डका आधुनिक तथा गुणस्तरीय जुत्ता चप्पलहरु आकर्षक छुटमा उपलब्ध रहेका छन ।

उद्योगीहरुको यस समुहद्धारा आगामी दिनमा देशभरका बिभिन्न स्थानहरुमा नयाँ शोरुमहरु खोल्ने र उपभोक्ताहरुलाई गुणस्तरीय उत्पादनहरु उपलब्ध गराउने जानकारी गराए । साथै देशको दिगो आर्थिक बिकाशका लागि आफ्नै देशको श्रम तथा सिपलाई प्रयोग गरेर देशमा नै रोजगारी सृजना गरिरहेका यस्ता प्रकारका उद्योगहरुको बिकाश बिस्तारमा राज्यका तर्फबाट पनि नीतिगत सहयोग हुनु जरुरी रहेको छ ।

## सेना कर्मचारीलाई तलब खुवाउन सरकारले आन्तरिक ऋण उठाउनु परेको छ :अध्यक्ष ओली



**काठमाडौं–** नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले सेना कर्मचारीलाई तलब खुवाउन सरकारले आन्तरिक ऋण उठाईरहेको बताएका छन् ।

सरकारले अर्थतन्त्र उकास्न कुनै काम नगरेको आरोप लगाउँदै निर्माण ब्यवसायीलाई पैसा नदिएर सरकारले हैरान बनाएको बताए । 'सत्तासिन गठबन्धनका नेताहरु सरकार कसरी जोगाउने र मन्त्री कसरी हुने । कसले बढी कमाउने र कसले आफन्त बढी पोस्नेमा लागेको छ,' 'सरकार सेना र कर्मचारीलाई तलबभत्ता खुवाउन नसकेर आन्तरिक ऋण खोजेर खुवाउन थालेको छ ।'

परिवर्तन उल्टाउनका लागि बिभिन्न कार्यक्रम र गतिविधि गर्दा पनि सरकार मुकदर्शक भएको आरोप लगाएका छन् ।

## बसको ठक्करबाट एक पैदल यात्रीको मृत्यु



**काठमाडौं–** बाँकेको पूर्वपश्चिम राजमार्गमा गएराति बसको ठक्करबाट पैदल यात्रीको मृत्यु भएको छ ।

महेन्द्रनगरबाट काठमाडौं गइरहेको बसले ठक्कर दिँदा राप्तिसोनारी गाउँपालिका-८ ओभरीका ४० वर्षीय केशव कुँवरको उपचारको क्रममा मृत्यु भएको इलाका प्रहरी कार्यालय कोहलपुरले जनाएको छ । बस चालक धर्मराज तिमिल्सिनालाई अनुसन्धानका लागि नियन्त्रणमा लिइएको छ ।

## मुस्ताङमा हिमपात सुरू




**मुस्ताङ–** मुस्ताङमा यस याममा पहिलोपटक हिमपात भएको छ । सोमबार बिहानैदेखि हिमपात भएको हो । सदरमुकाम जोमसोमदेखि आसपासका सबै क्षेत्रमा हिमपात भइरहेको सहायक बागलुङ प्रमुख जिल्ला अधिकारी रामप्रसाद सुवेदीले जानकारी दिए ।

विहानैदेखि हिमपात भए पनि कार्यालयहरु सञ्चालन भएको उनको भनाइ छ । यातायताका साधान पनि निरन्तर चलिरहेका छन् । हिमपात भएपछि जनजीवन कष्टकर भए पनि किसान भने हर्षित भएका छन् । लामो समय वर्षा नहुँदा किसानका बाली सुक्न थालेका थिए ।

यो सिजनमा परेको पानीले बालीनाली राम्रो हुने स्थानीय इन्द्रमान गौचनको भनाइ छ । यसभन्दा अगाडि मौसम बदलिराखे पनि हिमपात हुननसकेको उनको भनाइ छ । विहानैदेखि परेको हिमपातले स्थानीयलाई कामधन्दा र पशु चौपायालाई दाना तथा घाँस खुवाउन समस्या भइरहेको गौचनले बताए ।

## पूर्वप्रधानमन्त्री खनाल र चिनियाँ राजदूतबीच भेटवार्ता



काठमाडौं- पूर्वप्रधानमन्त्री झलनाथ खनाल र नेपालका लागि चिनियाँ राजदूत छेन सङबीच भेटवार्ता भएको छ ।

नेकपा एकीकृत समाजवादीका विदेश विभाग प्रमुख समेत रहेका खनाललाई भेट्न चिनियाँ राजदूत शनिबार उनको निवास डल्लु पुगेका थिए । खनालका स्वकीय सचिव कृष्ण भट्टराईका अनुसार उनीहरुबीचमा आपसी हित एवं चासोको विषयमा कुराकानी भएको थियो ।

**गर्भा दरबार...**

**पृष्ठ १ बाट जारी**

बस्दै डोटीको सिलगढी पुग्ने गरेको बताइन्छ ।

ऐतिहासिक महत्व बोकेको दरबारको मर्मतसम्भारमा सरकारी निकाय र राजनीतिक दलको ध्यान पुग्न सकेको छैन । चुरे गाउँपालिकाले गर्भा दरबारलाई ऐतिहासिक पर्यटकीय क्षेत्रका रूपमा राखेको गाउँपालिका अध्यक्ष चक्रबहादुर बोगटीले बताए । दरबार संरक्षणका लागि पालिकासँग पर्याप्त बजेट नहुँदा प्रदेश र केन्द्र सरकारसँग बजेट माग गरिँदै आएको उनको भनाइ छ ।

प्रदेशसभा सदस्य तथा पूर्वमन्त्री दीर्घ सोडारीले दरबार संरक्षणका लागि सुदूरपश्चिम प्रदेश सरकारले आर्थिक वर्ष २०७५र ७६ मा रु ६० लाख आव २०७६ र ७७ मा रु ५० लाख बजेट विनियोजन गरे पनि प्राविधिक कठिनाइका कारण बजेट कार्यान्वन हुन नसकेको बताए ।

# अन्तराष्ट्रिय समाचार

## मिजोरममा जेपीएमलाई प्रचण्ड बहुमत, मुख्यमन्त्री जोरमथांगा पराजित




**काठमाडौं–** भारतको उत्तर पूर्वी राज्यमा जोरम पिपल्स मुभमेन्ट(जेपीएम)ले सरकारले बनाउने भएको छ । भारतीय निर्वाचन आयोगका अनुसार ४० सदस्यीय मिजोरम विधानसभामा जेपीएमले २५ सिटमा जित हात पारिसकेको छ । मिजोरममा सरकार बनाउन २१ सिट आवश्यक पर्छ ।

निर्वाचन आयोगका अनुसार जेपीएम २ सिटमा अगाडि रहेको छ । सत्तारुढ मिजो नेसनल फ्रन्ट(एमएनएफ)ले भने नराम्रो हार बेहोरेको छ । अहिलेसम्म एमएनएफले ७ सिटमा जित हात पारेको छ भने ३ मा अगाडि रहेको छ । भारतीय जनता पार्टीले २ सिटमा जित हात पारेको छ । भारतीय राष्ट्रिय कंग्रेस भने १ स्थानमा मात्र अगाडि रहेको छ ।

यसअघि सन् २०१८ मा भएको विधानसभा चुनावमा एमएनएफले २६ सिट जित्दै सरकार बनाएको थियो । त्यस्तै कंग्रेसले नराम्रो हार बेहोर्दै ५ सिटमा खुम्चिएको थियो । कंग्रेसले २०१३ मा मिजोरममा ३४ सिटमा जित हात पारेको थियो । २०१८ मा जेपीएमले ८ सिटमा जित हात पार्दा भाजपाले १ सिटमा चित्त बुझाएको थियो ।

सन् १९८७ मा २३औं भारतीय राज्यका रूपमा स्थापित भएको मिजोरममा जेपीएमले पहिलो पटक सरकार बनाउन लागेको हो । जेपीएमबाट सेर्छिप क्षेत्रबाट चुनाव जितेका लाल्दुहोमा मुख्यमन्त्रीका दाबेदार रहेका छन् । मिजोरमका वर्तमान मुख्यमन्त्री तथा एमएनएफ प्रमुख जोरमथांगाले भने चुनाव हारेका छन् ।

अइजोल इस्ट-१ मा उनलाई जेपीएमका लाल थानसांगाले २ हजार १ सय १ मतान्तरले हराएका हुन् । जनताले परिवर्तन चाहेका कारण मिजोरममा जेपीएमले जित हात पारेको इस्ट मोजो डट कमले जनाएको छ । युवा पुस्ता एमएनएफ र कंग्रेस नेतृत्वको सरकारका पालामा भएको भ्रष्टाचारका कारण वाक्क भएको पनि इस्ट मोजोको विश्लेषण छ । जेपीएम नयाँ र भ्रष्टाचारमुक्त सरकारको वाचासहित चुनावमा होमिएको थियो।

जेपीएम ६ दलीय मोर्चा हो जसमा मिजोरम पिपल्स कन्फरेन्स, जोरम नेसनलिस्ट पार्टी, जोरम एक्सोडस मुभमेन्ट, जोरम डिसेन्ट्रलाइजेसन फ्रन्ट, जोरम रिफर्मेसन फ्रन्ट र मिजोरम पिपल्स पार्टी रहेका छन् । जेपीएम सन् २०१७ मा स्थापना भएको मिजोरमको नयाँ राजनीतिक मोर्चा हो । सन् २०१९ मा जेपीएम निर्वाचन आयोगमा दर्ता भएको थियो । जेपीएमले क्षेत्रीय अल्पसंख्यकको रक्षाका लागि आवाज उठाउँदै आएको छ ।

यसअघि सोमबार सार्वजनिक नतिजाअनुसार भाजपाले मध्य प्रदेश, छत्तीसगढ र राजस्थानमा सरकार बनाउने भएको छ । त्यस्तै कंग्रेसले तेलंगानामा पहिलो पटक भारत राष्ट्र समिति(बीआरएस) लाई हराउँदै सरकार बनाउने भएको छ ।

## युद्धविराम सकिएलगत्तै गाजामा इजरायलको आक्रमण

**काठमाडौं–** इजरायल र हमासबिच थप गरिएको युद्धविराम सकिएलगत्तै इजरायली सेनाले पुनः आक्रमण सुरु गरेको छ । इजरायलले हमासले युद्धविरामका सर्तहरू पालना नगरेकाले आक्रमण सुरु गर्नुपरेको दाबी गरेको छ । इजरायलले सुरु गरेको हवाइ आक्रमणका कारण कम्तीमा ६ जना प्यालेस्टिनी नागरिको ज्यान गएको बताइएको छ ।

युद्धविरामको समयावधि समाप्त हुनु केही समयअघि दक्षिणी इजरायलमा साइरन बजेको थियो र इजरायली सेनाले गाजाबाट प्रक्षेपण गरिएको रकेटलाई रोकेको बताएका थिए ।

हमासद्वारा सञ्चालित आन्तरिक मामिला मन्त्रालयले इजरायली हवाई आक्रमणबाट धेरै क्षेत्र प्रभावित भएको जनाएको छ।

युद्धविरामले गाजामा बन्दी बनाइएका १०० भन्दा बढी रिहा हुन सफल भएका छन् । अझै करिब १४० जना बन्धक छन् । युद्ध पुनः सुरु भएसँगै गाजामा अत्यावश्यक सामाग्रीको अभावबिच मानवीय संकट सुरु हुने सम्भावना छ ।


युद्धविराम अवधीको अन्तिम समयमा इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले हमासले थप बन्धकहरूलाई रिहा गर्न सहमत नभएर युद्धविरामको सर्तहरूको उल्लंघन गरेको आरोप लगाएका छन् ।

'हमासले सहमतिअनुसार सबै महिला बन्धकहरूलाई रिहा गरेन र आज बिहान इजरायलमा रकेटले आक्रमण गर्‍यो,' नेतान्याहुको कार्यालयले भनेको छ ।

उनको कार्यालयले सामाजिक सञ्जालमा जारी गरेको विज्ञप्तिमा इजरायल आफ्ना उद्देश्यहरू प्राप्त गर्न प्रतिबद्ध रहेको बताइएको छ । 'बन्धकहरूलाई मुक्त गर्न, हमासलाई हटाउन र 'गाजाले इजरायलका बासिन्दाहरूलाई कहिल्यै खतरा नपुग्ने' सुनिश्चित गर्न हामी प्रतिबद्ध छौं,' विज्ञप्तिमा भनिएको छ ।

युद्धविरामलाई थप गर्नेबारे वार्ता जारी नै रहेको बेला पुनः हिंसात्मक युद्ध सुरु भएको हो ।

# रासुमनेको जुम मिटिङमा वेद अनुवादक लुईटेलको स्वास्थ्यलाभको कामना



काठमाडौं– राष्ट्रिय सुसेली मञ्च नेपाल मञ्चका सल्लाहकार तथा चारै वेद लगायत दर्जनौ संस्कृत ग्रन्थका अनुवादक तिलकप्रसाद लुईटेल गत एक महिना देखि अस्वस्थ भई दुई हप्ता देखि नेपाल मेडिकल कलेज जोरपाटी अत्तरखेलको सघन उपचार कक्षमा उपचाररत भएकोमा जुम मिटिङमा सबैले स्वास्थ्य लाभको कामना गरेकाछन् ।

साथै अनुवादक लुईटेलको उपचारमा आर्थिक समस्या नहोस् भन्ने उद्देश्य राखेर नेपाल प्रज्ञाप्रतिष्ठानका पुर्व सचिव प्राज्ञ डा.जगत प्रसाद उपाध्याय प्रेक्षित, वरिष्ठ कवि साहित्यकार मित्रलाल पंगेनी, घुम्ती कवि गोष्ठी नेपालका अध्यक्ष माधवलाल श्रेष्ठको सहभागितामा सहयोग संकलन अभियान संचालन गरेर सहयोग उपलब्ध गराइरहेको पनि मिटिङमा जानकारी दिएको थियो । लुईटेलको उपचार लामो समय र खर्चिलो हुने अवस्था देखिएको हुँदा सम्पूर्ण साहित्यकर्मी र साहित्यप्रेमी मनहरुमा सहयोगको अपिल गर्दै सुसेली मञ्चले सटसालिसौ अनलाइन कार्यक्रम सम्पन्न गरेको छ । सहयोग रकम तिलक लुईटेलका पुत्र वैभव लुईटेलको नाममा रहेको बैक खातामा जम्मा गरिदिन सुसेली मञ्चले सबैमा हार्दिक अनुरोध पनि गरेको छ ।

सुसेली मञ्चको यो सरचालिसौ कार्यक्रमको सभापतित्व अध्यक्ष दुर्गा अधिकारी भमरकोटेले गरेका थिए भने कार्यक्रमको संचालन मञ्चकी उपाध्यक्ष सुशीला ढकाल ले गरेकी थिइन। वरिष्ठ कवि कलानिधी दाहालको विशिष्ट आतिथ्यमा भएको कार्यक्रममा कविहरू क्रमश चन्द्रा न्यौपाने, लक्ष्मीप्रसाद मिश्र, सुचिता काफ्ले, सुमित्रा श्रेष्ठ, पुनम घिमिरे, रामशरण न्यौपाने, उत्तम विचार भेटुवाल, तीला लेकाली, चन्द्रावती अधिकारी, जानुका थापा रायमाझी, पवनकुमार बुढाथोकी, अम्बिका अधिकारी, आर्त अकुलिन, घनश्याम पौडेल, सविता केसी, कृष्णप्रसाद पौडेल, धिरज तामाङ, नरेन्द्रराज पोखरेल लगायतले आ( आफ्ना रचना र मन्तव्य मार्फत विद्वान गुरु तिलक लुईटेलको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै आवश्यक सहयोग उपलब्ध गर्ने र गराउने प्रतिबद्धता जाहेर गरेका थिए ।

सरकारबाट आउने अनुदान र प्रज्ञाप्रतिष्ठानबाट समेत सहयोग जुटाउने प्रक्रिया अगाडि बढिरहेको जानकारी कार्यक्रममा गराईएको थियो ।

# राष्ट्रिय जलजला म्युजिक अवार्डद्वारा गणेश बाबु बिक सम्मानित




काठमाडौं– डि सिनेमा आर्ट्सको आयोजनामा "जलजला राष्ट्रिय फिल्म एण्ड म्युजिक अवार्ड - २०८०" "सम्फि रुदै छु " गीतबाट सर्वोत्कृष्ट लय सिर्जनामा गायक तथा कलाकार गणेश बाबु बिक सम्मानित भएकाछन् ।

दिनेश मुस्कानको अध्यक्षता र पुर्व सभामुख ओनसरी घर्ती मगरको प्रमुख आतिथ्यता रहेको कार्यक्रममा वरिष्ठ संगीतकार राजु सिंह, वरिष्ठ सर्जक तथा गायक बिन खाती, म्युजिक भिडियो कलाकार संघकी अध्यक्ष सम्फना बुढाथोकी, नायक जय किशन बस्नेत लगायत अन्य विशेष अतिथीको रुपमा सम्पन्न भएको अवार्ड कार्यक्रममा गणेश बाबु बि.क लोक तथा दोहोरी सर्वोत्कृष्ट संगीतकार "सम्झी रुदै छु" गीतबाट सम्मानित भएकाहुन् ।

प्युठानको फिमरूक गाँउपालिका–३ मा बुवा शाइल बाहादुर बिक र आमा रामी बिकको कोखबाट जन्मिएका गणेश गणेश बाबु बिक गीत संगीत क्षेत्र र कलाकारीता क्षेत्रमा लागेका पुराना गायक तथा कलाकार हुन् । २०७४ सालदेखि सांगीतिक क्षेत्रमा प्रवेश गरेका बिकका तीन दर्जनभन्दा बढी गीत बजारमा छन् । भने कति गीतले इतिहास रचेकाछन् ।

पछिल्लो समयमा लोकदोहोरी क्षेत्रमा उनले दर्शक स्रोताहरुबाट अत्यन्तै चर्चा कमाईरहेका छन् । लामो समय गीतसंगीत क्षेत्र र कलाकारी क्षेत्रमा चर्चा कमाउदै आएका बिक राष्ट्रिय जलजला म्युजिक अवाडद्वारा सम्मानित हुन पाउदा आफु खुसि रहेको बताउँछन ।

# माधव प्रसाद देवकोटाको १२० औं जन्म जयन्तीको अवसरमा प्रतिभा सम्मान र माधव दमयन्ती स्मृती ग्रन्थ लोकार्पण



काठमाडौं– मंसिर तीन गते पश्चिमान्चल पाल्पा नेपालका साहित्यका मुर्धन्य धरोहर माधव प्रसाद देवकोटाको १२० औं जन्म जयन्तीको अवसरमा प्रतिभा सम्मान र माधव दमयन्ती स्मृती ग्रन्थ लोकार्पण भएको छ ।

पाल्पाको महेन्द्र बोधी मा. बि. मा भएको कार्यक्रममाको प्रमुख अतिथि तानसेन नगरपालिकाका मेयर सन्तोष लाल श्रेष्ठले पानसमा दीप प्रज्वलन गरेर कार्यक्रम उद्घाटन गरि शुरु भएको थियो ।

माधव दमयन्ती स्मृती प्रतिस्ठान पाल्पाका अध्यक्षको अध्यक्ष्यतामा कार्यक्रम सन्चालन भएको थियो। आमन्त्रण गरिएका सम्पुर्णलाई स्वागत र कार्यक्रम को उदेश्य समितीकि उपाध्यक्ष कमला देवकोटाले प्रकाश पारेकि थिइन् ।

कृतिको समिक्षा प्राध्यापक द्वय डा. टन्क पन्थ र शंकर प्रसाद गैरेले गरेका थिए। करिव पचास जना जतिको उपस्थिती रहेको उक्त कार्यक्रममा धन्यबाद ज्ञापन समिति सदस्य कल्पना अधिकारीले गरेकि थिइन ।

भने कोषाध्यक्ष कविता रिजालले कार्यक्रम सञ्चालन गरि उत्कृष्ट ढंगबाट कार्यक्रमको महत्व, उदेश्य प्रकाश पार्दै कार्यक्रमको पुर्णत: गराउदै लगेकि थिइन ।

सम्मनित श्रष्टा अस्वस्थताको कारण उपस्थित हुन नसकेको कारण १२ गते उहाँकै निवासमा गएर गुरु गोपीकृष्ण शर्मा गुरुआमा लाइ दोसल्ला ओढाएर पुष्पोहार पहिराई नगद रु पन्ध्र हजार प्रदान गरेर समिती उपाध्यक्ष कमला देवकोटाले सम्मान गरेकि थिइन ।

साथै वरिष्ठ समिक्षक अरुण नदी खत्रीलाई पनि सम्मान गरिएको थियो। कार्यक्रमा छोरा रामचन्द्र गौतम ममता गौतम दुई छोरी नातिनी, अरुणा श्रेष्ठ दम्पती ,समितिका सदस्य, आजिवन सदस्य समेत को उपस्थिति ले रमाईलो वातावरण बनेको थियो ।

अन्तमा गुरुज्युको स्वास्थ लाभको कामना र माधव प्रसाद देवकोटाको जम जयन्तीमा उहाँलाई हार्दिक श्रद्धान्जली टक्र्याउदै समापन गरिएको थियो ।

# विराज भट्टले गरे फिल्म '१२ गाउँ' निर्माण गर्ने घोषणा



काठमाडौं– अभिनेता विराज भट्टले नयाँ फिल्म '१२ गाउँ' निर्माण घोषणा गरेका छन् । बिहीबार सामाजिक सञ्जाल फेसबुकमा फिल्मको एक थिम पोस्टर सार्वजनिक गर्दै फिल्म घोषणा गरेका हुन् ।

पोस्टरको पृष्ठभूमिमा गाउँलाई चित्रित गरिएको छ । बिराज स्वयंको निर्देशन रहने फिल्म एक्सन-थ्रिलर कथामा बन्नेछ । बिराज भट्ट फिल्म प्रोडक्सनको ब्यानरमा फिल्म बन्न लागेको हो । विराजले यसअघि फिल्म 'साइलो' आफैंले निर्देशन गरेका थिए । फिल्ममा उनकै मुख्य भूमिका थियो ।

'साइलो' ले घरेलु बक्स अफिसमा सन्तोषजनक व्यापार गर्न भने सकेन । फिल्म रिलिजकै समय 'साइलो २' निर्माण गर्ने भन्दै चर्चामा रहेका विराज पछिल्लो समय भोजपुरी फिल्ममा व्यस्त छन् ।

# हिमालय रोडिज सिजन ५ को उपाधि सञ्जिप राईलाई

काठमाडौं– हिमालय रोडिज सिजन ५ को उपाधि खोटाङका सञ्जिप राईले जितेका छन् । सोमबार सम्पन्न ग्राण्ड फिनालेमा उनले उपाधिसँगै १० लाख रुपैयाँ नगद र यामहा मोटरसाइकल समेत प्राप्त गरे ।

उपविजेता विश्व मगरले ५० हजार रुपैयाँ प्राप्त गरे । हिमालय टेलिभिजनका अध्यक्ष धर्मराज भुषालसहित कार्यक्रमका प्रायोजकहरुले विजेतालाई पुरस्कार प्रदान गरेका थिए । 'जिन्दगीकै सबैभन्दा ठूलो उपलब्धिको रुपमा मैले यो जितलाई लिएको छु' रोडिज विजेता घोषित भएपछि खुसि देखिएका राईले 'जीवनमा हार नखान, संघर्षलाई निरन्तरता दिन मेरो उमेरका सबै युवालाई आग्रह गर्छु ।'

लाहुरे बन्न निस्किएका सञ्जीव, त्यो सपना पुरा नभएपछि गायक बन्ने मोडतिर अघि बढेका थिए । त्याप गायक समेत रहेका उनले ४ वटा गीत सार्वजनिक गरिसकेका छन् । उपाधि जितेपछिको पहिलो प्रतिक्रियामा रोडिजमा प्रतिस्पर्धा गर्दाका चुनौतिपूर्ण टास्क र प्रतिस्पर्धीबारे स्मरण गरे ।

रोचक कुरा के छ भने, ग्रीन ग्याङ अर्थात टीम लाउरे दुवैजना प्रतिस्पर्धी उपाधिका लागि भिडेका थिए । हिमालय रोडिजको इतिहासमा एउटै समूहबाट दुईजना फाइनलिस्ट बनेको यो पहिलोपटक हो । फिनाले समारोहमा बोल्दै हिमालय टिभीका अध्यक्ष भुषालले रोडिजको छैटौं सिजन पनि ल्याउने तयारी भैरहेको बताए । पाँचौ सिजन हरेक सूचक र पक्षमा उत्कृष्ट रहेको पाइएको बताउँदै उनले आगामी सिजनको तयारीका लागि पनि आफूहरुलाई सजिलो भएको बताए ।

निर्देशक सिमोस सुनवारले पाँचौ सिजनलाई सफल बनाउन पर्दाअघि र पर्दा पछाडिका सबै सहयोगी हातको योगदान रहेको बताए । साउन १५ देखि प्रसारण सुरु भएको पाँचौ सिजनको डिजिटल अडिसनमा चार हजार ४०० र फिजिकल अडिसनतर्फ एक हजार ११६ जना सहभागि थिए ।

'पावर अफ फाइभ'को थिममा तयार भएको पाँचौ सिजनलाई चर्चित टेलिभिजन पर्सनालिटी सुरजसिंह ठकुरीले होस्ट गरेका थिए । त्यापर लाउरेसहित अभिनेता अनुपविक्रम शाही, अभिनेत्री द्वय दीया मास्के र प्रियंका कार्की ग्याङ लिडरको रुपमा थिए । सिजनको अन्तिम एपिसोडमा फाइनलिस्टलाई गहुँगो काठको मुडा र डोकोमा टायर बोकेर पोखरा फेवाताल नजिकको डाँडो चढ्नुपर्ने टास्क दिएको थियो । डाँडाको टुप्पोमा विश्वभन्दा सञ्जीप चाँडो पुगेका थिए । जसको आधारमा उनलाई विजेता घोषित गरियो ।

विजेता र उपविजेताको घोषणा फेवाताल किनारमा गरिएको थियो । उक्त अवसरमा हिमालय टिभीका कार्यकारी निर्देशक श्याम कँडेल र मुख्य प्रायोजक यामहा नेपालका व्यवस्थापन निर्देशक विष्णु अग्रवाल पनि उपस्थित थिए । पाँचौ सिजनको मुख्य प्रायोजक यामाहा थियो । इन एसोसिएसनमा माउन्टेन ड्यु, स्टाइल बाईमा प्रोस्टाइल, एसोसिएट स्पोन्सरमा केएफसी, सप्टारिका कलेज, युनाइटेड अजोड इन्स्युरेन्स र एचपी लुब्रिकेन्ट र मेडिकल पार्टनरको रुपमा स्टार अस्पताल र बजार व्यवस्थापन पार्टनर मिडिया सेन्स थिए ।

एमटीभी इन्डियाको फर्म्याटमा आधारित भएर हिमालय रोडिजले २०७५ सालदेखि नेपालमा प्रसारण थालेको हो । हिमालय रोडिज हिमालय टिभी एचडीमा प्रसारण हुँदै आएको छ ।

# चलचित्र विकास बोर्डद्वारा छात्रवृत्तिका लागि आवेदन माग




काठमाडौं– चलचित्र विकास बोर्डले छात्रवृत्तिका लागि आवेदन माग गरेको छ। चलचित्रसम्बन्धी अध्ययन, अनुसन्धान एवं विद्वत्तिका लागि प्रोत्साहन गर्न बोर्डले प्रदान गर्दै आएको छात्रवृत्तिका लागि आवेदन माग गरिएको हो।

सम्बन्धित विषयमा अध्ययनरत योग्य नेपाली विद्यार्थीले अनुसन्धाता तथा शोधकर्ताबाट तोकिएका प्रमाण र कागजातसहित १५ दिनभित्र आवेदन दिनुपर्ने बताएको छ। यसअघि माग गरिएको आवेदनमा आएका सबै दरखास्त रद्ध गरेर पुनः नयाँ आवेदन आह्वान गरिएको बोर्डले जनाएको छ । सम्पूर्ण दरखास्तहरू विशेष कारणबस यसै सूचनाबाट रद्ध गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।' बोर्डद्वारा जारी सूचनामा उल्लेख गरिएको छ ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- १७, २०८० साल मंसिर १९ गते मंगलबार (Dec 5, 2023)

## हुन्डाईको “अनबिटेबल एक्सचेन्ज ” बिहीबारदेखि




काठमाडौं- नेपालमा हुन्डाई गाडीहरुको आधिकारिक वितरक लक्ष्मी इन्टरकन्टिनेन्टल प्रा.लि ले ‘Unbeatable Exchange’ अफर योजना ग्राहकमाझ ल्याएको छ। मंसिर १४ गते बाट सुरु हुने यो योजनामा आफ्नो कुनै पनि ब्रान्डको गाडी ल्याएर हुन्डाईको उत्कृष्ट, गुणस्तरीय र विश्वसनीय इन्धनयुक्त वा विद्युतीय गाडीसँग एक्सचेन्ज गर्न सकिने कम्पनीले जनाएको छ।

हुन्डाईले आफ्ना ग्राहकको आवश्यकता र सन्तुष्टिलाई ध्यानमा राखी यो अफर ल्याएको हो। यो योजना नेपालभरि नै लागू हुने भएकोले आफ्नो नजिकैको हुन्डाईको शोरुममा जान सकिनेछ। यस एक्सचेन्जमा ग्राहकहरूले आफ्नो गाडीको बजारको प्रचलित मूल्याङ्कन भन्दा न्युनतम रु. ५०, ००० थप पाउनुका साथै विद्युतीय गाडीको खरिद गर्दा प्रोत्साहन स्वरुप रु.५०, ००० सम्मको गो ग्रीन बोनस पनि प्राप्त गर्न सक्ने छन्।

बिभिन्न मोडलहरुको खरिदमा नगद रु. ६००, ००० सम्मको आकर्षक छुटका साथै हुन्डाई शोरुममा गएर आफ्नो गाडीको मूल्याङ्कन गराइ र हुन्डाई गाडीको टेस्ट ड्राइभ गरी आकर्षक उपहारहरु पनि जित्न सकिने कम्पनीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ। शोरुममा तुरुन्तै पुरानो गाडीको मूल्यांकन गरी छिटोछरितो माध्यमद्वारा यो एक्सचेन्ज योजना सफल बनाउन हुन्डाई प्रतिबद्धछ।

यस एक्सचेन्ज योजना सहभागी भई उत्कृष्ट प्रविधिद्वारा निर्मित र विभिन्न अन्तर्राष्ट्रिय पुरस्कारबाट सम्मानित भइसकेका हुन्डाईका कम्प्याक्ट एसयूभी, एसयूभी, ईभी र ह्याचब्याक मध्येबाट आफ्नो रोजाइ र आवश्यकता अनुसार छनौट गर्न सक्नेछन्। सबै हुन्डाईका गाडीमा ३ वर्ष वारेन्टी र ६ वर्षको फ्री सर्भिसिङ उपलब्ध छ। लक्ष्मी इन्टरकन्टिनेन्टलले नेपालभरि १७ शोरुम, १९ सर्भिस सेन्टर र ४३ चार्जिङ प्वइन्टमार्फत ग्राहकलाई सेवा प्रदान गरिरहेको छ।

हुन्डाई मोटर कम्पनी विश्वकै ५ ठूला अटोमोबाइल उत्पादकमध्येमा पर्दछ। यस कम्पनीका उत्कृष्ट उत्पादनहरुले विश्वभरि करोडौं ग्राहकको मन तथा विश्वास जित्न सफल भएको छ। लक्ष्मी इन्टरकन्टिनेन्टलले ग्राहकको आवश्यकता र रुचिलाई ध्यानमा राखी हरेक वर्ष यस्ता ग्राहकमुखी अफर ल्याइरहेको छ।

## नेपालमा पनि निर्माण हुने भयो इन्टरनेसनल रेसिङ ट्र्याक, १३०० मिटरको बनाउने गरी डिजाइन



**काठमाडौं–** नेपालमा पनि इन्टरनेसनल रेसिङ ट्र्याक निर्माण हुने भएको छ। हेटौंडा उपमहानगरपालिमा इन्टर नेसनल रेसिङ सर्किट निर्माण हुने भएको हो।

नेपाली खेलकुदको ड्रिम प्रोजेक्टका रूपमा हेटौंडा-६, गौरीटारमा निर्माणाधीन केन्द्रीय खेलकुद प्रतिष्ठान (गौरीटार रंगशाला)को पार्किङ स्थलमा रेसिङ ट्र्याक बनाउने गरी डिजाइन तयार भएको छ।

अहिले तयार पारिएको डिजाइन अनुसार १ हजार ३०० मिटरसम्मको रेसिङ ट्र्याक बनाइनेछ। बाग्मती प्रदेश सरकारले नासा फाउन्डेसन नेपालसँगको सहकार्यमा रेसिङ ट्र्याक बनाउने भएको हो। निर्माण खर्च बाग्मती सरकारले बेहोर्ने छ भने व्यवस्थापनको काम नासाले हेर्ने छ।

अहिले निर्माणाधीन रंगशाला ९० करोड रुपैयाँ लागतको हो। रेसिङ ट्र्याक निर्माण कार्य आगामी जनवरीमा सुरु गर्ने तयारी रहेको नासाका सञ्चालक समितिका सदस्य प्रवेश पौडेलले बताए।

नासा फाउण्डेसन एक दशकदेखि नेपालको सडक र यातायात, सेफर मोबिलिटी, स्मार्ट सिटी, अटोमोबाइल तथा वातावरणको क्षेत्रमा क्रियाशील छ।

नासाले सरकारका केही प्रतिनिधिलाई श्रीलंका र फ्रान्सका रेसिङ ट्र्याकको अवलोकन गराएर हेटौंडामा निर्माणका लागि सहमत गराएको हो। ‘निर्माणाधीन रंगशालाको सबै जग्गा सरकारी भएकाले यसको पार्किङ स्थललाई रेसिङ ट्र्याकका रुपमा विकास गर्न लागिएको हो,’ उनले भने ‘गेम नभएका बेला पार्किङ स्पेसलाई रेसिङ ट्र्याकका प्रयोग गर्न मिल्ने बनाइनेछ।’

## इमर्जिङ्ग नेपाल लिमिटेडको आठौं वार्षिक साधारण सभा सम्पन्न

**काठमाडौं–** इमर्जिङ्ग नेपाल लिमिटेडको आठौं वार्षिक साधारण सभा २०८० मंसिर १५गते शुक्रबारका दिन-तदनुसार १ डिसेम्बर, २०२३ बानेश्वर ब्याङक्वेट, थापा गाँउ, नयाँ बानेश्वर काठमाडौंमा सम्पन्न भयो।

उक्त सभाले विभिन्न एजेन्डा सहित कम्पनीको आ.व. २०७९/८० को सञ्चालक समितिको प्रतिवेदन, वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०८० को वासलात, आ.व. २०७९/८० नाफा नोक्सान हिसाब र सोही अवधीको नगद प्रवाह विवरण लगायत वार्षिक आर्थिक विवरणसँग सम्बन्धित अनुसूचीहरु समेत) पारित गरी सभाले ८.४२१०५% (आठ दशमलव चार दुई एक शुन्ना पाँच प्रतिशत) ले हुने रकम रु ४,६७,८७,३६८.४२ (अक्षेरुपी चार करोड सतसठ्ठी लाख सतासीहजार तीन सय अड्सठ्ठी र बयालिस पैसा मात्र) नगद लाभाशं ( कर प्रयोजन सहित) वितरण गर्ने प्रस्तावपारित गरेको छ।

पूर्वाधार विकासका क्षेत्रहरुमा लगानी गर्दै देशको आर्थिक विकासमा टेवा पुर्याउने उद्देश्यले स्थापित यस कम्पनीले आगामी दिनहरुमा पनि लगानीका नयाँ आयामहरुमा प्रवेश गर्ने गरी कार्य गर्नेछ।

जाडोको समयमा चिसोबाट बचौं
- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## प्रभु क्यापिटल र एन्ट फाउन्डेसनबीच आपसी समझदारी पत्रमा हस्ताक्षर सम्पन्न

**काठमाडौं–** प्रभु क्यापिटल लिमिटेड र एन्ट फाउन्डेसनबीच एमओयु सम्झौता सम्पन्न भएको छ।

नोभेम्बर २८ मा एन्ट फाउन्डेसको “ल्इ क्जबखभ ल्यखझदभच - ँबकजष्यल ायच ब ऋबगकभ”, क्यान्सर सम्बन्धी चेतनामुलक कार्यक्रममा आफ्नो ऐक्यबद्धता जनाउँदै सो फाउन्डेसनलाई सामाजिक उत्तरदायित्व कोष मार्फत आर्थिक सहयोग गरी सो क्याम्पेन बिचमा एकआपसमा सहकार्यको सम्झौता गरेका छन्।

प्रभु क्यापिटल लिमिटेडका प्रमुख कार्यकारी अधिकृत आशीष गौचन र एन्ट फाउन्डेसका फाउन्डर प्रशान्त ताम्राकारले ःइग हस्ताक्षर गरी समझौता पत्र आदान प्रदान गरे।

सम्झौतामा प्रभु क्यापिटलले लगानी व्यवस्थापन सेवा अन्तर्गतको प्रोडक्टहरु मध्ये “प्रभु ऐश्वर्या योजना” मा आबद्व हुने महिला दिदीबहिनीहरुबाट क्यापिटललाई प्राप्त भएको पहिलो वर्षको वार्षिक सेवा शुल्क-(ब्ऋ) बाट ५० % सेवा शुल्क बराबरको रकमसाथ, सो योजनाबाट प्राप्त हुने मुनाफाबाट २० % बराबरको रकम फाउन्डेसनलाई महिला सशक्तिकरण तथा महिलामा हुने द्यचभबकत ऋबलअभच सम्बन्धी सचेतनामूलक कार्यक्रमका लागि सामाजिक सुरक्षा दायित्व अन्तर्गत प्रभु क्यापिटलले सहयोग गर्ने जनाएको छ।

महिलाहरुलाई केन्द्रित गरी सञ्चालित यो लगानी व्यवस्थापन सेवामा महिला ग्राहकहरुले न्यूनतम रु. ३ लाखबाट लगानी व्यवस्थापन सेवा शुरु गर्न सक्नेछन्। “महिलाहरुलाई आर्थिक रुपले सबल बनाउनु भनेको समाजलाई नै सशक्त बनाउनु हो’ भन्ने अवधारणा लिई प्रभु क्यापिटलले सञ्चालनमा ल्याएको यो “प्रभु ऐश्वर्या योजना” तथा एन्ट फाउन्डेसन दुबैले महिलाहरुको आर्थिक तथा वित्तीय स्वतन्त्रतामा समेत केन्द्रित रही कार्यक्रम गर्ने हुदाँ दुबै संस्थाको उद्येश्यमा एकरुपता देखिएकाले यो सम्झौता गरेका हौं”, प्रभु क्यापिटल लिमिटेडका प्रमुख कार्यकारी अधिकृत आशीष गौचनले भने।




प्रभु क्यापिटलले मर्चेन्ट सम्बन्धी सेवाका साथै साथै आफ्ना सेवा हरु संगै गाँसेर सामाजिक उत्तरदायित्व समेत वहन गर्दै आईरहेको छ। अन्तर्गत पूँजीबजारसँग सम्बन्धित सचेतना कार्यक्रम तथा तालिमपनि प्रदान गर्दछ। प्रभु क्यापिटलले प्रदान गर्ने सेवाहरु मध्ये एःक् लगानी व्यवस्थापन सेवा, लगानी विविधिकरणको राम्रो विकल्प मानिन्छ। क्यापिटलको लगानी व्यवस्थापन सेवा (एःक) मा आवद्ध हुने ग्राहक तथा संस्थाहरुलाई विज्ञ परिचालन गरी ग्राहकको क्ष्लखभकतभलत ँगलम वासञ्चालनमै रहेको पोर्टफोलियोलाई प्रभावकारी रुपमा पूँजी बजार तथा धितोपत्रको उपकरणमा लगानी गरी अधिकतम मुनाफा प्रदान गर्ने लक्ष्यका साथ सेवा दिने गर्दछ।

एन्ट फाउन्डेसन एक स्वैच्छिक गैर नाफामुखी संस्था हो, जसले स्वास्थ्य, शिक्षा, वातावरण तथा क्यान्सर सचेतना अभियानमा सहयोग गर्न विभिन्न कार्यक्रमहरू आयोजना गरी कोष सङ्कलन गर्दछ तथा सो कोषलाई फाउन्डेसनको उद्येश्य पूर्तिका लागि उपयोग गर्दछ।

यस लेक्यान्सर सचेतना अभियानमा नेपाल क्यान्सर रिलिफ सोसाइटी, नेपाल स्तन क्यान्सर फाउन्डेसन, क्यान्सर केयर नेपाल तथा नेपाल क्यान्सर सरभाइभर सोसाइटीसँग हातेमालो गरी हेल्थ क्याम्प तथा क्यान्सर सम्बन्धी विभिन्न सचेतना कार्यक्रम सञ्चालन गर्ने गर्दछ।

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधानसमपादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यलय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस